# गुल्मीदरबार गाउँपालिका
# आ.व. ०७९/०८० को नीति तथा कार्यक्रम

## गुल्मीदरबार गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

गौंडाकोट, गुल्मी

लुम्बिनी प्रदेश, नेपाल

७ असार २०७९

**"सबल, सक्षम उत्थानशील स्थानीय सरकार : समृद्ध र समुन्नत हाम्रो गुल्मीदरबार"**

# गुल्मीदरबार गाउँपालिकाको आ.व. २०७९/०८० को नीति तथा कार्यक्रम

नेपालको संविधानको मूल मर्म समन्वय, सहकार्य र सहअस्तित्वलाई आत्मसाथ गरी स्थानीय सरकारहरुले कार्य सम्पादन गरीरहेका छन् । गुल्मीदरबार गाउँपालिकाले जनतालाई केन्द्रमा राखी नीति तथा कार्यक्रमहरु संचालन गरी जनउत्तरदायी सरकारको रुपमा आफूलाई स्थापीत गर्न सफल भएको छ । जनताको लोकतान्त्रिक जनमैत्री स्थानीय सरकार निर्माणको लागि मिति २०७९ बैशाख ३० गते स्थानीय तह सदस्यको निर्वाचन सम्पन्न भई नयाँ स्थानीय सरकार गठन भएको सन्दर्भमा गुल्मीदरबार गाउँपालिकाले सबल, सक्षम, समुन्नत स्थानीय तहको रुपमा स्थापित गर्दै **"सुखी र समृद्ध गाउँपालिका"** निर्माणको अभियानमा लम्किरहेको अवस्थामा दोस्रो गाउँसभाको पहिलो अधिवेशनको पहिलो बैठकमा आ.व. ०७९/०८० को नीति तथा कार्यक्रम पेश गर्न पाउँदा म हर्ष विभोर भएको छु।

कोभिड-१९ को बढ्दो संक्रमणको कारण उत्पन्न आर्थिक शिथिलताले समग्र देशको अर्थतन्त्रलाई गम्भिर प्रभाव पारिरहेको सन्दर्भमा हाम्रो गाउँपालिकामा समेत त्यसको प्रत्यक्ष प्रभाव पारेको यहाँहरुलाई वितिदै छ । कमजोर अर्थतन्त्रको बावजुद गाउँपालिकाको वृहत्तर हितको लागि गाउँपालिकाले विभिन्न विद्धत वर्ग, व्यवसायी, संचारकर्मी, राजनीतिक दल, नागरिक समाज, शिक्षक कर्मचारी विभिन्न संघ संस्था र गाउँपालिकाका विभिन्न महानुभावहरुको महत्वपूर्ण राय सुझाव समेतलाई मध्य नजर गर्दै नीति तथा कार्यक्रम तर्जुमा गर्दा गाउँपालिकाको सिमित श्रोत साधनलाई अधिकतम परिचालन गरी पूर्वाधार निर्माण, सुशासन, स्वास्थ्य, शिक्षा, कृषि, विपद् व्यवस्थापन लगायतका क्षेत्रहरुलाई प्राथमिकतामा राखी नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

गाउँपालिकाको सिमित श्रोत साधनका बावजुद गुल्मीदरबार गाउँपालिकाबासीको विकास निर्माणका चाहनाहरुलाई पूर्ति गर्न **सुखी र समृद्ध गाउँपालिका** निर्माणको महानअभियानमा एकजुट भई अघि बढ्नका लागि गाउँपालिकाका सम्पूर्ण नागरिकहरु, राजनीतिक दलहरु, जनप्रतिनिधिहरु, नागरिक समाज, गाउँपालिकाको बौद्धिक वर्ग, पत्रकार, राष्ट्रसेवक कर्मचारी, विभिन्न संघ संस्थाहरुलाई हार्दिक अपिल गर्दछु । नीति तथा कार्यक्रम तय गर्दा विगतका वर्षहरुको अनुभव, विभिन्न महानुभावहरुले दिनुभएको अमूल्य राय सुझाव, गाउँपालिकाका विभिन्न विषयगत समितिहरुको सिफारिस समेतको आधार लिईएको छ । नीति तथा कार्यक्रम निर्माणमा अमूल्य सहयोग गर्नुहुने प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरुमा हार्दिक आभार व्यक्त गर्दछु ।

यस सभामा आउने सकारात्मक सुझावहरुलाई मार्गदर्शक सिद्धान्तको रुपमा समावेश गरी यो नीति तथा कार्यक्रम यस गरिमामय सभाबाट पारित हुनेछ भन्ने आशाका साथ यस गरिमामय सभामा आगामी आ.व. ०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

**विद्यमान परिवेशः**

## राजनीतिकः

गुल्मी जिल्लाको ऐतिहासिक स्थल गुल्मीदरबार (चारपाला दरबार) को नामबाट गुल्मी जिल्ला र यस गाउँपालिकाको नामाकरण गरेको पाईन्छ। लुम्बिनी प्रदेशको गुल्मी जिल्लामा अवस्थित गुल्मीदरबार गाउँपालिकामा साविकका ६ वटा गा.वि.स. (बलिथुम, जुभुङ्ग, गौंडाकोट, विरबास, अमरअर्वाथोक र दरबारदेविस्थान) लाई ७ वडामा विभाजन गरिएको छ। प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. १ अन्तर्गत प्रदेश निर्वाचन क्षेत्र नं. १ (क) मा यो गाउँपालिका अवस्थित छ। यस गाउँपालिकाको पूर्व तर्फ छत्रकोट र चन्द्रकोट गाउँपालिका, पश्चिम तर्फ रेसुङ्गा नगरपालिका, उत्तर तर्फ चन्द्रकोट गाउँपालिका र मुसिकोट नगरपालिका र दक्षिण तर्फ छत्रकोट गाउँपालिका र अर्घाखाँची जिल्लाको छत्रदेव गाउँपालिका पर्दछन् भने यो गाउँपालिका ७९.९९ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ।

## विकास र समृद्धिको लक्ष्य प्राप्तिका लागि गरिएका महत्वपूर्ण प्रयास, अवसर तथा चुनौती

## विद्यमान अवसरहरु

- ऐतिहासिक तथा धार्मिक स्थलहरु सहितको गाउँपालिका भएकोले धार्मिक पर्यटनलाई टेवा पुऱ्याउन सकिने,
- गुल्मी जिल्लाको ऐतिहासिक गुल्मीदरबार यसै पालिकामा रहेको हुँदा पर्यटकीय क्षेत्रको सम्भावना,
- मनोरम दृष्यावलोकन गर्न सकिने आकर्षक पर्यटकिय स्थलहरु भएको,
- दुध, माछा, मासु, पशुपालन, तरकारी, मकै, धान, मह उत्पादनमा आत्मनिर्भर हुने सम्भावना रहेको,
- विभिन्न जातजातिहरुको बसोबास स्थल रहेको हुँदा विविध कला संस्कृतिहरुले भरिपूर्ण रहेको,
- गाउँपालिकाको सिमानामा रहेको बढीघाट र खर्ज्याङ्ग खोलामा ऱ्याफ्टिङ्गको सम्भावना भएको।

## विद्यमान चूनौतिहरु

- गाउँपालिकामा रहेको भूमिको सही ढंगले उपयोग गरी अधिकतम लाभ लिन नसकिएको,
- गाउँपालिकाको भौगोलिक विकटता र छरिएर रहेको वस्ती,
- नागरिकको प्रविधिको प्रयोगमा कम पहुँच,
- गाउँपालिकाको न्यून आन्तरिक आम्दानी,
- सीमित प्राकृतिक स्रोत साधन,
- आफ्नै प्रशासकीय भवनको अभाव,
- नागरिकको अपेक्षा अनुसार कार्य गर्न पर्याप्त बजेट नहुनु,
- व्यवस्थित खानेपानीको समस्या,
- बजेटको लागि संघ र प्रदेश सरकारमा निर्भर हुनुपर्ने,
- संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने न्यून समानीकरण अनुदान।

**नीति तथा कार्यक्रम तर्जुमाका आधारहरु**

१. नेपालको संविधान,
२. नेपालको संविधानले प्रत्याभूत गरेको मौलिक हकहरु, राज्यका निर्देशक सिद्धान्तहरु तथा नीतिहरुलाई प्राथमिकता राखिएको छ,
३. प्रचलित कानूनी व्यवस्था,
४. पन्ध्रौ योजनाले तय गरेका लक्ष्य तथा उद्देश्यहरु लाई आधार लिएको छ,
५. दिगो विकासको लक्ष्यलाई आत्मसाथ गरिएको,
६. मध्यमकालिन खर्च संरचनाको मर्मलाई आत्मसाथ गरिएको,
७. राष्ट्रिय, प्रदेश र स्थानीय नीति योजना र लक्ष्य,
८. स्थानीय सरकारको हालसम्मको अनुभव तथा सिकाई,
९. स्थानीय आवश्यकताको विश्लेषण गरिएको,
१०. विभिन्न विद्वत वर्गहरुको राय सुझाव,

**चालु आ.व. को हालसम्मका प्रमुख उपलब्धिहरुको संक्षिप्त विवरण**

**<u>भौतिक उपलब्धी</u>**

१. गुल्मीदरबार गाउँपालिकामा १५ शैयाको आधारभूत अस्पताल निर्माणको कार्य अगाडि बढाईएको।
२. गाउँपालिकाको सबै वडा र टोल वस्तिहरुमा मोटरबाटो विस्तार र स्तरोन्नती गर्ने कार्य भएको।
३. गुल्मीदरबार गाउँपालिकाको सबै वडा कार्यालयहरु स्थापना गरी वडा कार्यालयलाई प्रभावकारी रुपमा संचालन गरिएको।
४. आफ्नै भवन नभएका वडा कार्यालयहरुलाई आफ्नै भवन निर्माणको प्रक्रियाहरु गरिएको ।
५. नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन सबै वडाहरुमा आधुनिक स्वास्थ्य चौकी निर्माण गर्ने नीति अनुरुप सबै वडामा स्वास्थ्य चौकी निर्माणका कार्यहरु भैरहेका छन् । वडा नं. ४ मा भवन निर्माण कार्य भैरहेको छ भने अन्य वडाहरुमा भवन निर्माण कार्य सम्पन्न भएका छन् ।
६. सुविधासम्पन्न विद्यालय भवन निर्माण गर्ने नीति अनुरुप गाउँपालिकाका विभिन्न विद्यालय भवन निर्माणका कार्यहरु भईरहेका छन्।
७. गाउँपालिका भित्र ठूला खानेपानी योजना अन्तर्गत खहरे खानेपानी तथा अमर अर्वाथोक लिफ्ट खानेपानी योजना सम्पन्न भई एक घर एक धारा कार्यान्वन भएको, अर्वाङ्गदि गैरा लिफ्ट खानेपानी, भलायचौर लिफ्ट खानेपानी, बठवाखोला लिफ्ट खानेपानी, बोटेपुच्छार सुपलेघाट लिफ्ट खानेपानी, झाक्रेपानी लिफ्ट खानेपानी, नुनथला लिफ्ट खानेपानी, मल्दी लिफ्ट खानेपानी र खोरिया खोल्सी लिफ्ट खानेपानी सम्पन्न हुने गरी कार्य भएको।

८. वडा नं. ५-४-२ जोड्ने खर्ज्याङ्ग-बाखे-बन्द्रखुट्टा-वीरबास-सिस्ने-जुभुङ्ग मोटरबाटो, वडा नं. १ र २ को झिरबास-नेटा-टापु-रैनादी-डल्लीखोला, वडा नं. ६ र ५ को उपल्लो हटिया-चिनिया पोखरी-भरुवा-राङ्गबास-खर्ज्याङ्ग मोटरबाटो स्तरोन्नती बनाउने कार्य संचालन गरिएको छ ।

९. खर्ज्याङ्ग दरबार घुम्ती गौंडाकोट जुभुङ्ग मजुवा सडकको स्तरोन्नती तथा कालोपत्रे गर्न आवश्यक पहल भैरहेको।

१०. गाउँपालिकामा बहुउद्देश्यीय सभाहल निर्माण गरिएको ।

११. एक वडा एक खेलमैदान अभियान अन्तर्गत विभिन्न वडाहरुमा खेलमैदान निर्माण कार्य अगाडी बढाइएको ।

१२. गुल्मीदरबार गाउँपालिका र अर्घाखाँचीको छत्रदेव गाउँपालिका जोड्ने निसानटारीमा ट्रस्ट बृज निर्माण सम्पन्न भएको ।

१३. चारपाला दरबार, रेसुङ्गा तपोभूमी, भुवाने पार्क, उजेलादेवी मन्दिर लगायतका विभिन्न मठ मन्दिरहरु निर्माण, मर्मत सम्भार र सौन्दर्यीकरण गरी पर्यटन पूर्वाधार निर्माण गरिएको ।

१४. नागरिकहरुको सुरक्षित आवासको लागि करिब ९७ प्रतिशत खरका छाना मुक्त गाउँपालिका बनाईएको ।

१५. राहत उद्धार कार्यलाई सहज बनाउनको लागि विभिन्न वडा वडामा हेलिप्याड निर्माण कार्य अगाडी बढाइएको ।

१६. विपद् राहत उद्धारका न्यूनतम सामग्रीहरु खरिद गरी जोहो गरिएको ।

१७. गाउँपालिकाको मुख्य बजार क्षेत्रमा सार्वजनिक शौचालय निर्माण गरिएको ।

**आर्थिक तथा सामाजिक उपलब्धी**

१. कृषि र पशुपालनमा आत्मनिर्भर गाउँपालिका निर्माणको लागि रु ५ करोडको लागतमा गुल्मीदरबार कृषि तथा पशु उद्यमशिलता विकास परियोजना संचालन गरिएको।

२. साना कृषि विकास कार्यक्रम अन्तर्गत बाखा पकेट कार्यक्रम वडा नं. ६ मा संचालन गरिएको।

३. गाई/भैंसी पालक कृषकहरुका गाई/भैंसी वीज वृद्धिको लागि निःशुल्क रुपमा AI को व्यवस्था मिलाइएको

४. वडा नं. १, २, ४ र ५ मा बंगुर पालन कार्यक्रम संचालन गरिएको साथै वडा नं ५ मा बंगुर स्रोतकेन्द्र स्थापनाको लागि आवश्यक व्यवस्था मिलाइएको।

५. वडा नं. २ मा बाखा पालन र वडा नं. ६ मा भैंसीपालन सम्बन्धी कृषक पाठशाला संचालन गरिएको।

६. कृषकहरुको समस्या पहिचान गर्दै आवश्यक परामर्श प्रदान गर्न कृषकसँग गाउँपालिका कार्यक्रम संचालन गरिएको।

७. गाउँपालिकामा साना लघुउद्यम विकासको लागि लघु उद्यम विकास कार्यक्रम संचालन गरिएको।

८. गाउँपालिकामा उत्पादन भएका अर्गानिक कृषि उपज तथा हस्तकलाका सामग्रीहरुलाई बजारीकरण गर्नको लागि पालिका कोशेली घर र उद्यमीहरुको लागि साझा सुविधा केन्द्र संचालन गरिएको।

७. साना कृषि व्यवसायीक उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम अन्तर्गत खाद्यान्न बाली कार्यक्रम वडा नं. ६ मा र तरकारी तथा आलु खेती कार्यक्रम वडा नं. ३ मा गरी २ वटा कृषि पकेट विकास कार्यक्रम संचालन गरिएको।

८. लुम्बिनी प्रदेश सरकारको सहकार्यकमा वडा नं. १ को शिवपुरी, टारी, बुढिचौर र माझिगाउँ र वडा नं. २ को घोराहा फाँटमा स्मार्ट कृषि कार्यक्रम संचालन गरिएको।

९. वडा नं. ४ को गरमटारीमा सुधारीएको गरा सहितको चक्लावन्दी कार्यक्रम संचालन गरिएको।

१०. वडा नं. १ मा बोटेगाउँ र कुमाल गाउँ, वडा नं. ३ को निदुर र वडा नं. ४ को वीरवास र बाखे, वडा नं. ५ को ग्वालीनचौरमा नमुनाको रुपमा एक घर एक करेसाबारी कार्यक्रम संचालन गरिएको।

११. वडा नं. २, ४ र ५ मा एक गाउँ एक उत्पादन कार्यक्रम अन्तर्गत तरकारी खेती कार्यक्रम संचालन गरिएको।

१२. मह उत्पादनमा आत्मनिर्भर बन्न वडा नं. १, ३, ४ र ७ मा मौरी विकास कार्यक्रम संचालन गरिएको।

१३. गाउँपालिका भित्र रहेको बाँझो खेतीयोग्य जग्गा उपयोगको लागि भूमि बैंकको स्थापना गरी बाँझो जग्गाको उपयोगको कार्य अगाडी बढाइएको ।

१४. गरिबीको रेखामुनी रहेका नागरिकलाई उद्यमशील बनाई उनीहरुको आयआर्जन वृद्धि गर्नको लागि गरिबी निवारणको लागि उद्यम विकास कार्यक्रम संचालन गरिएको।

१५. जेष्ठ नागरिक तथा दलित जेष्ठ नागरिक सम्मान तथा अन्तक्रिया कार्यक्रम अन्तर्गत सबै वडामा फाइवर सिरक र ब्ल्याङ्केट उपहार प्रदान गरी सम्मान गरिएको।

१६. लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान कार्यक्रम अन्तर्गत कानुनी तथा चेतनामूलक कार्यक्रम संचालन गरिएको।

१७. महिला समूह तथा संस्थामा आवद्ध भएका महिलालाई समूह तथा सहकारी संस्था संचालन, घरेलु तथा लैङ्गिक हिंसा, नेतृत्व तथा संचार सिप, प्रजनन स्वास्थ्य, ग्रामीण व्यवसाय, महिला सशक्तीकरण लगायतका विषयमा अनुशिक्षण तालिम सबै वडामा संचालन गरिएको।

१८. टोलटोलमा प्राथमिक उपचार कार्यक्रम को पहुँच पुर्‍याउन महिला स्वास्थ्य स्वयमसेवीकाहरु र स्वास्थ्य शिक्षकहरुलाई **प्राथमिक उपचार कार्यक्रम** सम्वन्धी तालिम संचालन गरी प्राथमिक उपचार सामग्री सहितको किट बक्स प्रदान गरिएको।

१९. सुरक्षित प्रसुति सेवा प्रवाहको लागि बर्थिङ्ग सेन्टर संचालन गरिएको।

२०. किसोरावस्थामा हुन सक्ने शारीरिक मानसिक तथा सामाजिक परिवर्तनको कारण हुनसक्ने असहजताबाट बचाउन विद्यार्थीहरुको लागि **साथी शिक्षा कार्यक्रम** संचालन गरिएको।

२१. गर्भवती महिला र नवजात शिशुको स्वास्थ्य सुरक्षालाई मध्यनजर गर्दै गाउँपालिकाको कोशेली वितरण, सुरक्षीत प्रसुती, सुत्केरी तथा नवशिशु भेट, स्वास्थ्य परिक्षण साथै बच्चाको तौल अनुगमनको साथै पोषणको लागि अण्डा वितरण, परिवार नियोजन, सरसफाई जस्ता कार्यक्रमलाइ एकिकृत गरी **कस्तो छ आमा** कार्यक्रम संचालन गरिएको।

२२. **दिर्घ रोगीका लागि निःशुल्क औषधी उपचार कार्यक्रम** प्रभावकारी रुपमा संचालन गरिएको ।

२३. ८४ बर्ष उमेर पुगेका जेष्ठ नागरिकहरुको **घरघरमै स्वास्थ्यकर्मी परिचालन गरी स्वास्थ्य परिक्षण तथा उपचार** कार्यक्रम संचालन गरिएको ।

२४. कक्षा १ देखि ३ सम्मको स्थानीय पाठ्यक्रम तयार गरी कक्षा १ को **हाम्रो गुल्मीदरबार** नामक पाठ्यपुस्तक तयार गरिएको ।

२५. कोभिड-१९ को कारणले गर्दा अवरुद्ध भएको शैक्षिक क्रियाकलापलाई वैकल्पिक माध्यमबाट निरन्तरता दिइएको।

**वातावरणीय उपलब्धी**

१. गाउँपालिकामा हरियाली र स्वच्छ वातावरण कायम राख्नको लागि वन संरक्षण तथा वृक्षारोपणको कार्य गरिएको ।

२. गाउँपालिकामा ठूला योजनाहरु संचालन गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने व्यवस्था मिलाईएको ।

३. प्रत्येक वडामा खानेपानी मुहान संरक्षणको लागि पुनर्भरण पोखरीहरु निर्माण अभियान संचालन गरिएको।

४. गाउँपालिकाका डम्पिङ्ग साइट निर्माणको लागि समपुरक अनुदानमा कार्यक्रम राखिएको ।

५. फोहोरमैला व्यवस्थापनको लागि घर घरमा कम्पोष्टमल उत्पादन गर्ने कार्य संचालन गरिएको।

**संस्थागत उपलब्धी**

१. गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरु सम्बन्धित वडाहरुमा संचालन भई नियमित रुपमा सेवा प्रवाह गरिरहेको ।

२. गाउँपालिकाको गतिविधिहरुलाई सबै नागरिकहरु समक्ष पुऱ्याउनको लागि डिजिटल सूचना पाटी, डिजिटल नागरिक वडापत्र, सामाजिक सञ्जाल र वेवसाइट मा सार्वजनिक गर्ने गरिएको ।

३. कार्यालयबाट प्रदान गरिने सेवा प्रवाहलाई नागरिक मैत्री बनाउँदै नागरिकको सहायताको लागि नागरिक सहायता कक्ष स्थापना, चुस्त दुरुस्त र गुणस्तरयुक्त सेवा प्रवाहको लागि कर्मचारीसँग कार्य सम्पादन सम्झौता गरी सुशासन कायम गर्न सफल भएको ।

४. गाउँपालिकाको समग्र गतिविधिहरु समावेश गरी सबै नागरिकलाई सूचनाको पहुँच कायम गर्न मासिक रुपमा E-bulletin प्रकाशन गरिएको ।

५. गाउँपालिकाका सम्पूर्ण गतिविधिहरु नागरिकलाई सु-सूचित गरी जनउत्तरदायी सरकार बनाउन र जवाफदेहीता कायम गर्न विभिन्न कार्यक्रम संचालन गरिएको ।

६. गाउँपालिकामा विभिन्न अपाङ्गता भएका व्यक्तिहरुलाई कार्यालयबाट तथा घुम्तिसेवा मार्फत अपाङ्ग परिचय पत्र वितरण गरी गाउँपालिकाको तर्फबाट प्रदान गरिने सेवा सुविधामा पहुँच सुनिश्चित गरिएको ।

७. गाउँपालिकामा महिलाको नेतृत्वमा रहेका विभिन्न संघ संस्थाहरुमा क्रियाशिल महिलाहरुलाई विभिन्न विषयमा प्रशिक्षण गरी महिला सशक्तिकरणको कार्यक्रम संचालन गरिएको ।

८. गाउँपालिकामा रहेका बेरोजगारहरुको सूची EMIS Entry गरी जम्मा यस आ.व. मा २१३ जनालाई रोजगारी दिईएको ।

९. प्रदेश सरकारको सहयोगमा गाउँपालिकाको WASH Plan को लागि आवश्यक तथ्याङ्क संकलन भई प्रोफाईल बनाउने कार्य गरिएको ।

१०. स्थानीय सरकार गठन भए देखि हालसम्म पूर्वाधार विकास, सामाजिक तथा आर्थिक विकास तथा संस्थागत विकासको लागि भए गरेका विभिन्न गतिविधिहरु समावेश गरी **"गुल्मीदरबार दर्पण"** नामक पुस्तक र भिडियो डकुमेन्ट्रि निर्माण गरिएको ।

११. गुल्मीदरबार गाउँपालिकाको समग्र क्षेत्रलाई समावेश गरी **गाउँपालिका पहिचान गीतको** निर्माण गरिएको ।

१२. गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयबाट राजश्व संकलनमा अनलाईन प्रविधिको प्रयोग गरी राजश्व संकलन गर्ने व्यवस्था मिलाईएको जसले राजश्व संकलनमा पारदर्शीता कायम गरी दैनिक राजश्वको अभिलेखिकरण गर्ने कार्य गरिएको ।

१३. गाउँपालिकाकालाई आवश्यक पर्ने अधिकांश जनशक्तिको पदपूर्ति भई सकेको र केही रिक्त रहेको पदमा पदपूर्ति हुने व्यवस्था मिलाइएको ।

१४. राष्ट्रसेवक कर्मचारीहरुको मनोवल उच्च राखी सेवा प्रवाहलाई छिटो छरितो र सेवाग्राही मैत्री बनाउने उद्देश्यले कार्य सम्पादनमा आधारित प्रोत्साहनको व्यवस्था गरिएको ।

१५. गाउँपालिकाका विषयगत शाखा र वडा कार्यालयहरुबाट भएका कार्यहरुको मासिक रुपमा समिक्षा गर्ने व्यवस्था मिलाइएको ।

१६. गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत, प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुख बिच कार्य सम्पादन करार सम्झौता गरी कर्मचारीलाई जवाफदेही बनाईएको ।

१७. प्रविधिमैत्री कार्यालय संचालनको लागि आवश्यक व्यवस्था मिलाईएको ।

**मुख्य उद्देश्य**

१. सबै घरपरिवारलाई स्वच्छ खानेपानीको व्यवस्था मिलाउन एक घर एक धारा को नीति लिई कार्य सम्पन्न गर्ने ।

२. कृषि तथा पशु पालन परियोजना संचालन गरी नागरिकको जीवनस्तरमा परिवर्तन गर्ने ।

३. भ्रष्ट्राचारमा शून्य सहनशिलताको नीति अवलम्बन गर्दै नागरिकमैत्री सेवा प्रवाह प्रदान गर्ने ।

४. सार्वजनिक सेवा प्रवाहलाई छिटो छरितो र नागरिकले अनुभूती गर्ने गरी गुणस्तरयुक्त सेवा प्रवाहको लागि सूचना प्रविधिको उच्चतम प्रयोग गर्दै स्मार्ट गाउँपालिका बनाउने ।

५. गाउँपालिका तथा वडाको मुख्य सडक र सहायक सडकहरुलाई स्तरोन्नती गरी बाह्रै महिना सवारी चल्ने व्यवस्था गर्ने ।

६. गाउँपालिकामा स्वास्थ्य संस्थाहरुको भवन, वडा कार्यालयको भवन, सडक, पर्यटन पूर्वाधार लगायतका अन्य भौतिक पूर्वाधारको निर्माण गर्ने ।

७. गाउँपालिकालाई सुरक्षित आवास अन्तर्गत खरका छाना मुक्त गाउँपालिका घोषणा गर्ने ।

८. सवल, सक्षम र उत्थानशील स्थानीय सरकार निर्माण गर्ने ।

९. सामाजिक समावेशीकरणको नीति अवलम्बन गर्दै विकासको मूल प्रवाहमा सबै क्षेत्रलाई समावेश गर्ने ।

१०. गाउँपालिकाका सबै नागरिकको आधारभूत स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्ने ।

११. फोहरमैला व्यवस्थापनको लागि डम्पिङ्ग साईटको निर्माण गर्ने ।

१२. वातावरणमैत्री स्वच्छ र सुन्दर गाउँपालिका निर्माण गर्ने ।

१३. पर्यटन पूर्वाधार निर्माण र प्रवर्द्धन सहित रोजगारीमा वृद्धि गर्ने ।

**आगामी आ.व. का प्राथमिकता प्राप्त प्रमुख कार्यक्रमहरु**

- सुखी, खुसी, समृद्ध र समुन्नत स्थानीय सरकार निर्माण,
- नागरिकलाई सर्वसुलभ स्वास्थ्य उपचारको व्यवस्था,
- विपन्न नागरिकहरुको आर्थिक विकास,
- कृषि तथा पशुपालन उद्यम परियोजना संचालन,
- प्रभावकारी सेवा प्रवाह, सुशासन तथा संस्थागत विकास,
- गुणस्तरीय र सर्वसुलभ शिक्षा,
- नागरिकको घरघरमा खानेपानी र सडक स्तरोन्नती,
- पर्यटन पूर्वधार निर्माण,
- पूर्वाधार विकास,
- विपद् व्यवस्थापन, फोहर मैला व्यवस्थापन, वन तथा वातावरण संरक्षण।

## आगामी आ.व. को प्रमुख नीतिहरु

### (क) सुशासन तथा संस्थागत विकास तर्फः

१. **लोकतन्त्रको आधार : सक्षम स्थानीय सरकारको** नीति अवलम्बन गर्दै भष्ट्राचारमा शून्य सहनशीलताको नीति लिई नागरिक केन्द्रित सेवा प्रवाहको व्यवस्था मिलाइनेछ ।

२. गाउँपालिकाको गतिविधिहरुलाई डिजिटल सूचना पार्टी, मोबाईल एप्स, सामाजिक सञ्जाल, एस.एम.एस. तथा वेबसाईट मार्फत सार्वजनिक गरी नागरिकको सूचनाको हकलाई सुनिश्चित गराउँदै गाउँपालिकाको कार्यलाई पारदर्शी बनाउँदै नागरिकहरुको घरघरमा सूचना प्रवाह हुने व्यवस्था मिलाइनेछ ।

३. वडा कार्यालयलाई सुविधा सम्पन्न बनाई नागरिकको सेवा केन्द्रको रुपमा विकास गर्दै नागरिकलाई प्रभावकारी सेवा प्रवाहको व्यवस्था मिलाउनेछ ।

४. जन्मदर्ता र मृत्युदर्ता सेवालाई नागरिकको घरघरमा उपलब्ध गराईनेछ साथै सामाजिक सुरक्षा भत्ता रकम नागरिकको घरदैलोमा पुऱ्याउन आवश्यक व्यवस्था मिलाईनेछ ।

५. गाउँपालिकाको कार्यालय तथा अन्तर्गतका कार्यालयहरुबाट संचालन हुने विभिन्न कृयाकलापहरुको बारेमा आम नागरिकलाई सु-सूचित गर्दै पारदर्शिता र जनउत्तरदायी सरकारको भावना जागृत गराउन **जनतासँग गाउँपालिका** रेडियो तथा टिभी कार्यक्रमहरु संचालन गरिनेछ ।

६. **जनतासँग अध्यक्ष कार्यक्रम** मार्फत विभिन्न वडाहरुमा प्रत्येक महिना नागरिक भेटघाट कार्यक्रम संचालन गर्दै आम नागरिकको चासो, गुनासो र प्रतिकृयाहरु सम्बोधन गरी नागरिकको नजिकको जनउत्तरदायी स्थानीय सरकार बनाईनेछ ।

७. स्थानीय विवाद स्थानीय स्तरमै निरुपण गरी **सुखी र खुसी नागरिक** बनाउन तथा न्यायसेवा छिटो छरितो बनाउन टोलटोलमा कानूनी साक्षरता कार्यक्रम संचालन गर्दै वडास्तरमा रहने मेलमिलाप केन्द्रहरुलाई व्यवस्थित रुपमा संचालन गरिनेछ ।

८. **हाम्रो विकास हाम्रै लागि, हाम्रो संरचना हाम्रो सम्पत्ती** भन्ने अभियान संचालन गरी सार्वजनिक संरचनाहरुको संरक्षणमा **टोल विकास संस्था** लगायतका संघ संस्थाहरुलाई परिचालन गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

९. वडा कार्यालयको सहयोगी संस्थाको रुपमा गठन भएको टोल विकास संस्थाको क्षमता अभिवृद्धि सम्बन्धी विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।

१०. गाउँपालिकाबाट सम्पादित हुने हरेक कार्यहरुमा अधिकतम सूचना प्रविधिको प्रयोग गरी **विधुतीय सुशासनको** नीति अवलम्बन गर्दै सेवा प्रवाहलाई प्रविधि मैत्री बनाउँदै लगिनेछ ।

११. नागरिक मैत्रीसेवा प्रवाह सुनिश्चितताको लागि गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था र शैक्षिक संस्थाहरुमा विद्युतीय हाजिरीको व्यवस्था मिलाई डिजिटल हाजिरीको अभिलेख राख्ने व्यवस्था मिलाइनेछ ।

१२. गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयबाट राजश्व संकलनमा अनलाईन प्रविधिको प्रयोग गरी राजश्व संकलन गर्ने व्यवस्था मिलाई राजश्व संकलनमा पारदर्शिता कायम गरिनेछ ।

१३. गाउँपालिकाको राजश्व भुक्तानीलाई नागरिकको सहजताको लागि मोबाइल एप्स तथा अनलाईन मार्फत भुक्तानी गर्ने प्रणालीको विकास गरिनेछ ।

१४. **संचारकर्मीसँग गाउँपालिका** कार्यक्रम संचालन गर्दै गाउँपालिकाको वृहत्तर हितको लागि योगदान पुऱ्याउनु भएका पत्रकारहरुको उच्च मनोवल राख्न आवश्यक व्यवस्था मिलाईनेछ ।

१५. सबै नागरिकको पहुँचमा पुग्ने गरी सूचना प्रवाह र गुनासो सुनुवाई संयन्त्रको विस्तार गरिनेछ ।

१६. सार्वजनिक खर्चलाई उत्पादनमूलक बनाउन आन्तरिक नियन्त्रण सम्बन्धी मापदण्ड निर्माण गरि सोही अनुसार कार्य गरिनेछ ।

१७. सुशासन कायम गर्नको लागि आफ्नो पदीय आचरण र मर्यादामा रहन पदाधिकारी तथा कर्मचारीहरुको आचार संहिता पूर्णतः लागू गरिनेछ ।

१८. गाउँपालिकालाई आवश्यक पर्ने जनशक्तिको लागि संगठनात्मक संरचना (O&M) गरी कर्मचारीको कार्यविवरण उपलब्ध गराइनेछ ।

१९. गाउँ कार्यपालिकाको कार्यालयबाट सम्पादन गरेका विभिन्न कार्यहरुको प्रगती विवरण सहितको e-bulletin मासिक रुपमा प्रकाशन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

२०. कर्मचारीहरुको योग्यता, क्षमता, कार्यदक्षता, सीप र अनुभवलाई कार्यसम्पादनमा उपयोग गर्न तथा उत्प्रेरित बनाई राख्न आवश्यक मापदण्ड बनाई क्षमता अभिवृद्धि सम्बन्धी तालिम तथा कार्यसम्पादनमा आधारित सुविधा उपलब्ध गराउने नीति लिइनेछ ।

२१. कर्मचारीहरुलाई कार्यानुभवको लागि अन्तरशाखा तथा एक स्थानबाट अर्को स्थानमा जिम्मेवारी दिई खटन पटन गर्ने नीति लिइने छ ।

२२. प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिका अध्यक्षसँग र अन्य शाखा प्रमुख तथा कर्मचारीहरुले प्रमुख प्रशासकीय अधिकृतसँग कर्मचारीको स्पष्ट कार्यविवरण र सूचक सहित कार्य सम्पादन करार सम्झौता गरी कर्मचारीको कार्य सम्पादनको मासिक मूल्याङ्कन गरी कर्मचारीलाई प्रोत्साहन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२३. गाउँपालिकाको विभिन्न विषयगत शाखा तथा वडा कार्यालयहरुबाट सम्पादित कार्यहरुलाई थप प्रभावकारी बनाउन मासिक समिक्षा गोष्ठीलाई निरन्तरता दिइनेछ ।

२४. गाउँपालिकाबाट खरिद गरिने वस्तु तथा सेवाहरुलाई खरिद गुरुयोजनाका आधारमा प्रचलित ऐन, नियम, कानून बमोजिम पारदर्शी रुपमा खरिद गर्ने व्यवस्था मिलाइनेछ ।

२५. सुशासन र आर्थिक अनुशासन कायम गर्न अघिल्लो महिनामा भए गरेका क्रियाकलाप र आर्थिक कारोबारको बारेमा कार्यपालिकाको बैठकमा छलफल तथा समिक्षा गर्ने व्यवस्था मिलाईने छ ।

२६. गाउँपालिकाले उठाउने सबै प्रकारका करहरु गाउँपालिकाको कार्यालय र वडा कार्यालयबाट अनलाईन मार्फत संकलन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२७. गाउँपालिकाको वार्षिक विकास कार्यक्रम अनुसार सम्बन्धित शाखाहरुले भाद्र मसान्त भित्र कार्यक्रम कार्यान्वयन कार्ययोजना प्रमुख प्रशासकीय अधिकृतसँग पेश गरी कार्ययोजना अनुसार सम्बन्धित विषयगत समितिमा छलफल गरेर मात्र कार्यक्रम संचालन गर्ने र कार्यक्रमको उपलब्धीको बारेमा समीक्षा गरी पारदर्शीता र जवाफदेहीता कायम गर्ने नीति अवलम्बन गरिनेछ ।

२८. गाउँपालिकाको सबै वडा कार्यालयहरुबाट व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षालाई व्यवस्थापन सूचना प्रणाली (MIS) मार्फत गर्ने व्यवस्था मिलाईनेछ ।

२९. गाउँपालिकाको सम्पत्तीलाई कम्प्युटराईज अभिलेख तयार गरी त्यसको उचित उपयोग, संरक्षण तथा संवर्द्धन गरिनेछ ।

३०. गाउँपालिकाको कामलाई पारदर्शी एवं जवाफदेही बनाउन सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षणलाई निरन्तरता दिइनेछ ।

३१. नागरिकको सुविधालाई ध्यानमा राखी एकीकृत घुम्ति सेवा संचालन गरिनेछ ।

३२. लक्षित वर्गका कार्यक्रमहरुलाई आय उन्मुख बनाउन प्राथमिकता दिदै संचालन गरिने सबै कार्यक्रमहरु एकद्वार प्रणाली मार्फत निर्धारित मोडलमा संचालन गरिनेछ ।

३३. योजनाहरु वडा कार्यालयको समन्वयमा कार्यान्वियन गरिने तथा वडा समिति समेतको अनुगमन र सिफारिसमा फरफारक गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३४. जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता विकासका लागि आवश्यक तालिम तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रम राखिनेछ ।

३५. न्यायिक समितिको क्षमता अभिवृद्धि गरी सामाजिक विवादहरुलाई मेलमिलापको माध्यमबाट समाधान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३६. गाउँपालिका क्षेत्र भित्रका लब्ध प्रतिष्ठित तथा विद्वत वर्गको सहयोग लिने र कार्य अनुभव आदान प्रदान गरी प्राप्त पृष्ठपोषणलाई गाउँपालिकाको समृद्धि र वृहत्तर विकासमा समाहित गर्दै लगिनेछ ।

३७. गाउँपालिका क्षेत्र भित्र संचारको पहुँच पुर्याउन सम्बन्धित निकायहरुमा पहल गर्दै मुख्य बजार क्षेत्र तथा पार्कमा वाइफाइ जोनको शुरुवात गरिनेछ ।

३८. स्थानीय जनताको सुरक्षा, सम्पत्तीको संरक्षण, स्थानीय सरकारको नीति, निर्णय, मापदण्ड, विपद् व्यवस्थापन, बजार अनुगमन, सेवा प्रवाह आदि कार्यको लागि नगर प्रहरीको व्यवस्था गरिनेछ ।

३९. विभिन्न सामाजिक संघ/संस्था, कृषक, विद्यार्थी, पत्रकार, खेलाडी, उपभोक्ता समिति, टोल विकास संस्थालाई कार्य सम्पादनको मूल्यांकन गरी प्रोत्साहन स्वरुप पुरस्कार दिने व्यवस्था मिलाइनेछ ।

४०. गाउँपालिकाबाट संचालन हुने विभिन्न योजनाहरुको निर्माणमा उपभोक्ता समिति/लाभग्राही समूहको रुपमा टोल विकास संस्थाहरुलाई समेत परिचालन गरिनेछ ।

४१. उपभोक्ता समितिहरु मार्फत संचालन हुने विभिन्न योजनाहरुलाई मितव्ययी, गुणस्तरीय र पारदर्शीता कायम गर्दै प्रभावकारी रुपमा संचालन गर्न उपभोक्ता समितिहरु दर्ता गरी सम्झौता गर्ने नीति लिईने छ समय समयमा उपभोक्ता समितिका पदाधिकारीहरुको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ ।

४२. गाउँपालिका क्षेत्र भित्र कार्यक्रम सञ्चालन गर्ने सरकारी, गैरसरकारी, सामुदायिक संस्था, दातृ निकाय एवं सरोकारवाला संस्थाहरुले गाउँपालिकाको समन्वयमा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

४३. संघीयता तथा विकास प्रशासनको अनुभव आदान-प्रदान गर्न देश तथा विदेशका निकायहरुसँग भगिनी सम्बन्ध कायम गर्ने नीति लिइनेछ ।

४४. गाउँपालिकाको समानुपातिक विकासका लागि वडाको भूगोल, जनसंख्या र आन्तरिक आम्दानीको आधारमा आवश्यक बजेट विनियोजन गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

४५. गाउँपालिकाको वास्तविक वस्तुस्थितिको आधारमा योजना तथा कार्यक्रम तर्जुमा गर्न गाउँपालिकाको डिजिटल प्रोफाईल निर्माण गरिनेछ ।

४६. गाउँपालिकाबासीलाई अध्ययन अनुसन्धानतर्फ ध्यान केन्द्रित गराउन **एक वडा एक पुस्तकालयको** स्थापना गर्ने कार्य गरिनेछ ।

४७. गाउँपालिका भित्रका सार्वजनिक जग्गाहरुको संरक्षणका लागि उपयुक्त नीति बनाउन प्राथमिकता दिइनेछ ।

४८. गाउँपालिकामा भू–उपयोग नीति सहितको दीर्घकालीन एकिकृत शहरी विकास योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

४९. सूचनाको पहुँच नागरिकस्तरसम्म पुर्‍याउन स्थानीय संचार माध्यमहरुसँग समन्वय गर्दै संचार संस्थाहरुसँग सहकार्य गरिनेछ ।

५०. गाउँपालिका क्षेत्रभित्र भ्रमण गर्ने आन्तरिक तथा बाह्य पर्यटकहरुलाई आकर्षण गर्न एग्रो टुरिजम, होमस्टे जस्ता विभिन्न क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

५१. सुरक्षित र गुणस्तरीय खाद्यवस्तुको उपलब्धताका लागि परिवर्तित मूल्यसूची, गुणस्तरीय खाद्यवस्तुको विक्री वितरण, म्याद गुज्रेका र अखाध्य पदार्थको विक्री वितरणमा पूर्ण रुपमा नियन्त्रण गर्न गाउँपालिकाबाट नियमित रुपमा बजार अनुगमन तथा चेकजाँचको आवश्यक व्यवस्था मिलाईनेछ ।

५२. गाउँपालिकाको प्रशासनिक भवन निर्माण गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ ।

५३. गाउँपालिकाका सबै वडा कार्यालयहरु र वडा कार्यालयको नजिकै रहेका मुख्य व्यापारिक क्षेत्र तथा संवेदनशील स्थानहरुमा CCTV जडान गरी सुरक्षित समाज निर्माण गरिनेछ ।

५४. गाउँपालिकाका कृषक, विपन्न नागरिक, असहाय नागरिकहरुको तथ्याङ्क संकलन गरी अनुदान तथा आर्थिक सहायताका कार्यक्रमहरु व्यवस्थित रुपले संचालन गरिनेछ ।

५५. शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन उद्योग आदि क्षेत्रसँग गाउँपालिकाको हित अनुकूल सार्वजनिक, निजी साझेदारी (PPP) मा काम गर्ने नीति लिईनेछ ।

५६. जनता, राजनीतिक दल, जनप्रतिनिधि र कर्मचारीको सुमधुर सम्बन्ध स्थापित गर्दै विधिको शासन मार्फत नागरिक केन्द्रित सेवा प्रवाहको व्यवस्था मिलाउँदै सुशासन कायम गरिनेछ ।

५७. वित्तिय अनुशासन कायम गर्दै असारे विकासलाई निरुत्साहित गर्न असार महिनामा कुनै पनि योजनाको सम्झौता नगर्ने नीति लिइने छ ।

५८. गाउँपालिकाबाट उपलब्ध गराउने आर्थिक सहायतालाई पारदर्शी र वास्तविक पिडितलाई उपलब्ध गराउन रोगको वर्गिकरण सहितको कार्यविधि बनाई कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ र यसरी आर्थिक सहायता उपलब्ध गराएका नागरिकको विवरण गाउँपालिकाको वेबसाईट मार्फत सार्वजनिक गरिनेछ ।

५९. गाउँ सभा बाट स्वीकृत बजेट तथा कार्यक्रमहरुको नियमानुसार प्रत्येक आर्थिक वर्ष महालेखा परीक्षकको कार्यालयबाट लेखापरिक्षण गराई देखिन आएको बेरुजु सम्परीक्षण गरी आर्थिक अनुशासन कायम गरिनेछ ।

## (ख) सामाजिक विकास तर्फः

**स्वास्थ्य :**

६०. कोभिड-१९ लगायत विभिन्न महामारीजन्य रोगहरुको रोकथाम, नियन्त्रण तथा निगरानीका लागि आवश्यक रणनीति तयार गरी नागरिकको स्वास्थ्यलाई उच्च प्राथमिकतामा राखिनेछ ।

६१. गाउँपालिकामा सुविधा सम्पन्न अस्पतालको निर्माण कार्य समयमै सम्पन्न गरी आम नागरिकलाई सर्वसुलभ गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराईनेछ ।

६२. गुल्मीदरबार गाउँपालिकाका असहाय तथा आर्थिक रुपले विपन्न नागरिकहरुको स्वास्थ्य उपचारको लागि **निःशुल्क स्वास्थ्य बिमाको** व्यवस्था गरिनेछ ।

६३. गर्भवती महिलाको स्वास्थ्यलाई मध्यनजर गरी नियमित रुपमा स्वास्थ्य संस्थामा स्वास्थ्य परिक्षण गर्ने व्यवस्था मिलाई संस्थागत प्रसुतीलाई प्रेरित गर्दै प्रसुतीको लागि **निःशुल्क एम्बुलेन्सको व्यवस्था** गरिनेछ ।

६४. गाउँपालिकाका असहाय र आर्थिक रुपमा विपन्न नागरिकहरुको लागि **निःशुल्क एम्बुलेन्सको व्यवस्था** मिलाईनेछ ।

६५. गाउँपालिका भित्रका 'ग' वर्गका अपाङ्गता भएका नागरिकहरुलाई प्रदान गरिदै आएको सामाजिक सुरक्षाभत्ता कार्यक्रमलाई निरन्तरता दिनको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

६६. **सामुदायिक विद्यालयमा स्वास्थ्य सेवा कार्यक्रम संचालन** गरी विद्यार्थीको नियमित स्वास्थ्य जाँच गर्ने व्यवस्था गरी किशोर किशोरीलाई उचित स्वास्थ्य परामर्शको व्यवस्था गरिनेछ ।

६७. स्वस्थ र सुखी नागरिक बनाउन योग शिक्षा शिविर संचालन गर्न आवश्यक व्यवस्था मिलाई आयुर्वेद औषधीहरुको प्रयोगलाई बढवा दिन गाउँपालिकामा आयुर्वेद केन्द्रको स्थापनाको लागि सम्बन्धित निकायमा आवश्यक पहल गरिनेछ ।

६८. जेष्ठ नागरिक, अपाङ्ग तथा अशक्त र विपन्न नागरिकहरुको **घरघरमा स्वास्थ्य परीक्षणको** व्यवस्था मिलाईनेछ ।

६९. स्वास्थ्य संस्था, गाउँघर क्लिनिक र खोप क्लिनिकलाई सुदृढिकरणका लागि आवश्यक सामग्री सहित कोठा, भवन लगायतका भौतिक व्यवस्थापनको साथै दैनिक कार्य संचालनको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

७०. पूर्णखोप सुनिश्चितता तथा दिगोपनाका लागि आवश्यक कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

७१. **आमासँग गाउँपालिका** कार्यक्रम अन्तर्गत मातृशिशु सेवा, सरसफाई तथा पोषण कार्यक्रमलाई एकिकृत गरी थप प्रभावकारी बनाउन **मेरी आमा : स्वस्थ आमा** कार्यक्रम संचालन गरिनेछ।

७२. **मेरी आमा : स्वस्थ आमा** कार्यक्रम अन्तर्गत **गर्भवती तथा सुत्केरी आमा : पोषिलो खाना, स्वस्थ बच्चा : स्वस्थ समाज** कार्यक्रम संचालन गरी स्थानीय स्वास्थ्य संस्थाबाट सुत्केरी भएको २ वर्षसम्म **उपाध्यक्ष पोषिलो कोशेली** (पोषण प्याकेज) उपलब्ध गराईने छ।

७३. गाउँपालिकामा एउटा आयुर्वेद केन्द्र संचालनको लागि पहलकदमी गरी स्थानीय स्तरमा उपलब्ध हुने जडिवुटिहरुको व्यवस्थापन र उपयोग गर्दै आयुर्वेद चिकित्सा प्रणालीलाई प्रभावकारी गराइनेछ।

७४. खोप कार्यक्रमलाई व्यवस्थित बनाउनको लागि खोपको सुक्ष्म योजना तर्जुमा कार्यलाई निरन्तरता दिइनेछ ।

७५. कोल्ड चेन व्यवस्थापनको लागि चाहिने सामग्री तथा स्थानको व्यवस्थापन गरिनेछ ।

७६. ५ वर्ष मुनिका बालबालिकाहरुको एकिकृत बाल रोग व्यवस्थापन गर्नको लागि आवश्यक औषधी खरिदको व्यवस्था मिलाइनेछ ।

७७. गाँउघर क्लिनिकलाई प्रभावकारी बनाई बच्चाको तौल अनुगमन गर्ने नियमित क्रियाकलापलाई बढवा दिई कुपोषण हुने दरलाई न्युनीकरण गरिनेछ ।

७८. सामुदायिक स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी बनाउन **स्वस्थ समाजका लागि जागरुक स्वास्थ्य आमा समुह कार्यक्रम** संचालनमा ल्याइनेछ ।

७९. क्षयरोग नियन्त्रण कार्यक्रमलाई प्रभावकारी बनाउन सेटलाईट क्याम्प संचालन, कन्ट्र्याक ट्रेसिङ्, डट्स तथा सि.वि. डट्स विधिबाट उपचार तथा फलोअप कार्यक्रमलाई थप प्रभावकारी बनाईनेछ ।

८०. कुष्टरोग तथा मलेरिया रोग रोकथाम तथा नियन्त्रणका लागि जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

८१. गाउँपालिकामा विभिन्न स्वास्थ्य सचेतना अभियान संचालन गर्दै स्वस्थ समाज निर्माणको लागि महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई गाउँपालिकाको तर्फबाट थप यातायात सुविधा तथा संचार सुविधा उपलब्ध गराईनेछ ।

८२. महिला स्वास्थ्य स्वयंमसेविका र स्वास्थ्य आमा समूहहरुलाई उत्प्रेरित बनाई समुदायमा परिचालन गरी विभिन्न स्वास्थ्य सचेतनाका कार्यक्रम मार्फत **रोग छेकौं : निरोगी बनौं** अभियान संचालन गरिनेछ ।

८३. हरेक स्वास्थ्य संस्थामा पोषण कर्नरको व्यवस्था गर्दै पोषिलो खानेकुराको प्रदर्शन तथा उपभोग वृद्धि गराउन आवश्यक शिक्षा, परामर्श दिइने नीति अवलम्बन गरिनेछ ।

८४. महिला स्वास्थ्य स्वयंसेविका र स्वास्थ्यकर्मीलाई परिचालन गरी गर्भवती जाँच एंव पूर्ण संस्थागत सुत्केरी जस्ता अभियानलाई थप प्रभावकारी बनाइने छ ।

८५. सबै वडाहरुमा सुविधासम्पन्न बर्थिङ्ग सेन्टरको व्यवस्था मिलाइ **२४ घण्टा प्रसुती सेवा** उपलब्ध गराइनेछ, प्रसुती सेवामा संलग्न नर्सिङ्ग कर्मचारीलाई **आवश्यक प्रोत्साहनको व्यवस्था** मिलाईनेछ ।

८६. स्वास्थ्य संस्थाको सरसफाइलाई विशेष जोड दिई स्वास्थ्य संस्थाहरुको सरसफाइको नियमित अनुगमन गर्दै उत्कृष्ट सरसफाइ गर्ने संस्था तथा कर्मचारीहरुलाई पुरस्कृत गर्ने नीति लिईनेछ ।

८७. आधारभूत स्वास्थ्य सेवाका लागि आवश्यक पर्ने निःशुल्क औषधिहरुको उपलब्धतालाई सुनिश्चित गरिने छ ।

८८. विभिन्न रोगहरुको संक्रमणबाट जोगिने तथा रोग निवारण गर्ने खालका विभिन्न चेतनामुलक कार्यक्रमहरु आयोजना गरिनेछ ।

८९. गाउँपालिकाका नागरिकहरुको स्वास्थ्यलाई ध्यान दिदै स्थानीय समुदायसँग सहकार्य गरी **विशेषज्ञ डाक्टर सहितको स्वास्थ्य शिविरहरु** संचालन गरिनेछ ।

९०. महिनावारीको समयमा महिलाहरुलाई हुन सक्ने जोखिमबाट बचाउनका लागि गाउँपालिकाका प्रत्येक महिलाहरुलाई सचेत बनाउन स्वास्थ्य आमा समूहमा महिनावारी सम्बन्धी सचेतनामूलक कार्यक्रम संचालन गरी महिनावारीका लागि सुरक्षित सामग्री युक्त घर कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

९१. किशोरावस्थामा हुने मानसिक, सामाजिक, शारीरिक तथा सम्वेगात्मक परिवर्तनबाट पर्ने असरबाट बचाउन गाउँपालिका भित्रका माध्यमिक विद्यालयहरुमा सञ्चालन भईरहेको **साथि शिक्षा कार्यक्रमलाई** निरन्तरता दिइनेछ ।

९२. **दिर्घरोगीहरु** (उच्च रक्तचाप, मधुमेह र दम) लाई निःशुल्क औषधी उपचार उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ ।

९३. आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला वितरण सहित **मातृ तथा नवशिशु** कार्यक्रम संचालन गरिनेछ ।

९४. महिला स्वास्थ्य स्वयंसेविका र स्वास्थ्यकर्मीलाई परिचालन गरी पूर्ण संस्थागत सुत्केरी जस्ता अभियानलाई थप प्रभावकारी बनाउँदै निःशुल्क अल्ट्रासाउन्ड (Video Xray) र शुलभ रक्तपरिक्षणको व्यवस्था मिलाइनेछ ।

९५. प्राकृतिक प्रकोप, विपद् पूर्व तयारी तथा महामारी नियन्त्रणः भैपरी आउनसक्ने प्राकृतिक प्रकोप तथा विपद्मा देखिन सक्ने जनस्वास्थ्यका समस्याहरुलाई समाधान गर्न हरेक वडामा र्‍यापिड रेस्पोन्स टिम (RRT) गठन गरिनेछ ।

## शिक्षा तथा खेलकुद

९६. समग्र विद्यालयको गुणस्तर सुधारको लागि गाउँपालिका र प्रधानाध्यापकसँग कार्य सम्पादन सम्झौता गरी प्रधानाध्यापक र विद्यालयको कार्यसम्पादनको मूल्यांकन गरिनेछ । साथै प्रधानाध्यापक र विद्यालयका विषयगत शिक्षकसँग समेत कार्यसम्पादन गर्ने व्यवस्था मिलाईने छ।

९७. कार्यसम्पादन मूल्याङ्कनको आधारमा शिक्षकहरुलाई कार्यसम्पादन सुधारको लागि अन्तर विद्यालय स्थानान्तरण गर्ने नीति अवलम्वन गरिनेछ ।

९८. विद्यालयको समग्र शैक्षिक अवस्थाको विश्लेषण गर्न सूचकहरु सहितको चौमासिक प्रतिवेदन गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था गरिनेछ ।

९९. प्रधानाध्यापकलाई विद्यालयको समग्र शैक्षिक गुणस्तर कायम गराउन उत्प्रेरित गर्न विद्यालयको तह अनुसार प्रधानाध्यायक भत्ता तथा सुविधा उपलब्ध गराईनेछ ।

१००. गाउँपालिकाको **शिक्षा नीतिको** तर्जुमा गरी शैक्षिक गुणस्तर सुधारको लागि आवश्यक व्यवस्था मिलाईनेछ।

१०१. विद्यार्थीहरुलाई संघीयता सुशासन सेवा प्रवाह, भष्ट्रचार निवारण, उपभोक्ता हक र खाद्य सुरक्षा, साईवर अपराध, घरेलु/ लैङ्गिक हिंसा, स्वास्थ्य तथा नैतिक शिक्षा लगायतका विषयमा अनुशिक्षण गर्न **विद्यार्थीसँग गाउँपालिका कार्यक्रम** संचालन गरिनेछ ।

१०२. गरिब तथा जेहन्दार विद्यार्थीलाई **एमविविएस** अध्ययनका लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

१०३. गाउँपालिकाका गरिब तथा जेहेन्दार विद्यार्थीको लागि **अध्यक्ष छात्रवृत्ति** कार्यक्रम संचालन गरिनेछ।

१०४. विपन्न वर्गका विद्यार्थीहरुको पहिचान गरी त्यस्ता विद्यार्थीहरुलाई निःशुल्क स्टेशनरी, पोशाक लगायतका अन्य सुविधा उपलब्ध गराइनेछ।

१०५. विद्यालयमा छात्राहरुको नियमित अध्ययनमा उत्प्रेरित गर्नको लागि **उपाध्यक्ष शैक्षिक कार्यक्रम** संचालन गरिनेछ ।

१०६. **एक टोल एक शिशु विकासकेन्द्र**को स्थापना गरी न्यून एवं मध्यम आय भएका परिवारका शिशुहरुको प्राथमिक शिक्षालाई सहज बनाउन आवश्यक व्यवस्था मिलाईनेछ ।

१०७. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको लागि कार्यविधि बनाई शिक्षक दरबन्दी मिलान, विद्यालयहरु समायोजन, शिक्षक तालिम संचालनका कार्यहरुलाई निरन्तरता दिई पालिकास्तरीय उत्कृष्ट विद्यालय छनोट गरी पुरस्कृत गरिनेछ ।

१०८. उत्कृष्ट विद्यालय र कमजोर विद्यालयको पहिचान गरी असल अभ्यासको आदान-प्रदान गर्न **प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको** छलफल तथा अन्तरक्रिया कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाईनेछ ।

१०९. महिला शिक्षिका प्रसुती बिदामा रहेको समयमा विद्यालयमा पठन पाठनमा समस्या हुने अवस्थामा प्रसुती बिदामा रहेको समयको लागि शिक्षक व्यवस्थापन गरी विद्यार्थीको पठन पाठनलाई नियमित गराउन आवश्यक व्यवस्था मिलाईनेछ ।

११०. गाउँपालिकाका आधारभूत तथा माध्यमिक विद्यालयहरुमा विद्युतिय हाजिरी जडान गरी शिक्षक कर्मचारीलाई नियमित हुने व्यवस्था मिलाईनेछ ।

१११. विद्यालय शिक्षालाई रोजगारसँग आवद्ध गर्न गाउँपालिका क्षेत्र भित्र स्थापना भएका एवं हुने प्राविधिक शिक्षालयहरुको विकासमा टेवा पुर्याइनेछ । यस क्षेत्रमा अध्ययन गर्ने विद्यार्थीहरुको संख्याको आधारमा थप कार्यक्रमहरु अगाडि बढाउने नीति लिइनेछ ।

११२. शैक्षिक गुणस्तर सुधारको लागि विद्यालयको व्यवस्थापन पक्षलाई सवल तथा सक्षम बनाउन आवश्यक व्यवस्था मिलाई शिक्षकहरुलाई सूचना प्रविधि सम्बन्धी अभिमुखीकरण कार्यक्रमहरु संचालन गर्दै गाउँपालिकाका सबै विद्यालयहरुलाई प्रविधि मैत्री विद्यालय निर्माण गरिनेछ ।

११३. कोभिड लगायतका विभिन्न महामारी तथा विपद्को कारणले शैक्षिक गतिविधि संचालन गर्न कठिनाई भएको अवस्थामा वैकल्पिक शिक्षण विधिहरु प्रयोग गरी शैक्षिक गतिविधिलाई निरन्तरता दिइनेछ ।

११४. गाउँपालिकाको शैक्षिक गुणस्तर सुधार गर्नको लागि **एक वडा एक व्यवस्थित माध्यमिक विद्यालयको** नीति अबलम्बन गर्दै विद्यालयहरुलाई मर्ज गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

११५. विद्यालयमा विद्यार्थीहरुको लागि समय समयमा योग प्रशिक्षण सम्बन्धी कृयाकलापहरु संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

११६. प्रत्येक विद्यालयमा सिकाई सुदृढिकरणको लागि प्रधानाध्यापकहरुलाई समेत अन्तर विद्यालय अनुगमनको व्यवस्था मिलाई विद्यालयको शैक्षिक व्यवस्थापनमा जिम्मेवार र जवाफदेही बनाउने व्यवस्था मिलाइनेछ ।

११७. विद्यालयहरुलाई प्रविधिमैत्री बनाउन गाउँपालिकाका विद्यालयहरुमा इन्टरनेट जडान कार्यलाई उच्च प्राथमिकता दिईनेछ ।

११८. विद्यालयको भवन, पुस्तकालय, प्रयोगशाला, शौचालय, फर्निचर, कम्पाउण्डवाल तथा तारबार गर्दै पूर्वाधारयुक्त विद्यालय बनाउदै लगिनेछ ।

११९. गाउँपालिका क्षेत्र भित्र रहेका सम्पूर्ण विद्यालय जाने उमेरका विद्यार्थीहरुलाई अनिवार्य रुपमा विद्यालयमा भर्ना हुनको लागि उचित वातावरणको सिर्जना गर्ने नीति अवलम्बन गरिनेछ ।

१२०. विद्यालयहरुको असल अभ्यास आदान-प्रदान गर्न गाउँपालिकास्तरीय **शैक्षिक प्रदर्शनी कार्यक्रम** संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

१२१. कक्षा ५ र ८ को परीक्षालाई पालिकास्तरीय रुपमा संचालन गर्ने व्यवस्था मिलाउदै ५, ८ र माध्यमिक तहको परीक्षामा उत्कृष्ट अंक ल्याउने छात्र छात्राहरुलाई पुरस्कारको व्यवस्था मिलाइनेछ ।

१२२. गाउँपालिका क्षेत्र भित्र रहेका विद्यालयहरुमा कार्यरत शिक्षकहरुको अभिलेख व्यवस्थापन गरी शिक्षकहरुलाई कार्यसम्पादनको आधारमा प्रोत्साहन तथा दण्डको व्यवस्था मिलाइनेछ ।

१२३. गाउँपालिका भित्र रहेका **बाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारीहरुलाई** उत्प्रेरित बनाउन आवश्यक व्यवस्था मिलाइनेछ ।

१२४. विद्यालयमा विद्यार्थीहरुको दिवा खाजामा अर्गानिक खाद्य पदार्थ प्रयोग गर्दै जंग फुडलाई निरुत्साहन गरिनेछ ।

१२५. विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न विद्यालयहरुको निरीक्षण र सुपरीवेक्षणको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाईनेछ ।

१२६. माध्यमिक तहको परीक्षालाई लक्षित गरी **अंग्रेजी, गणित र विज्ञान** विषयको नतिजा सुधारका लागि विशेष कार्यक्रम सञ्चालन गर्न विद्यालयहरूलाई आवश्यक सहयोग गरिनेछ ।

१२७. उच्च शिक्षा अध्ययनको लागि गाउँपालिकाको केन्द्र रहेको स्थानमा बहुमुखी क्याम्पस संचालनको लागि आवश्यक अध्ययन गरिनेछ ।

१२८. विद्यालयस्तरीय शैक्षिक कार्यक्रमहरूलाई योजनाबद्धरूपमा सञ्चालन गर्न विषयगत शिक्षकको पठनपाठनलाई समयमै सम्पन्न गर्नका लागि **मासिक पाठयोजना** सहितको शैक्षिक क्यालेण्डर निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

१२९. शिक्षण सिकाइमा ICT को प्रयोगलाई प्रोत्साहन गर्न शिक्षकहरूलाई सूचना प्रविधि सम्बन्धी क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरी आधुनिक प्रविधिको प्रयोग गर्ने कार्यलाई उच्च प्राथमिकता दिईनेछ ।

१३०. शिक्षाको गुणस्तर कायम गर्नको लागि विद्यालयहरुमा प्रति विद्यार्थी लागतका आधारमा **शिक्षण सिकाई सामग्रीहरु** वितरण गरिनेछ ।

१३१. शिक्षाको गुणस्तर सुधार र विकासको लागि विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, **अभिभावक, विद्यार्थी तथा सम्वद्ध शैक्षिक सरोकारवालाहरुसँग आवश्यक संवाद, छलफल, सहकार्य तथा अन्तरक्रिया** कार्यक्रम संचालन गरी थप जिम्मेवार बनाईनेछ ।

१३२. प्राथमिक तहको परिमार्जित पाठ्यक्रम तथा **पाठ्य सामग्रीको प्रबोधीकरण**, स्थानीय पाठ्यक्रम विकास गर्नुका साथै शिक्षकहरूका लागि मागमा आधारित क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

१३३. गुणस्तरीय विद्यालय शिक्षामा बालबालिकाहरूको सहज पहुँच सुनिश्चित गर्न सवारी साधन, छात्रावास, बालमैत्री कक्षा व्यवस्थापन जस्ता कार्यका लागि विद्यालयहरूलाई आवश्यक सहयोग उपलब्ध गराइनेछ ।

१३४. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान, नमूना विद्यालय विकास लगायतका कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

१३५. परीक्षाफल प्रकाशन लगायत विद्यालय व्यवस्थापनको कार्यलाई सहयोग पुऱ्याउनको लागि पालिकास्तरमा विद्यालय व्यवस्थापन प्रणाली (सफ्टवेयर) को प्रयोग गर्ने नीति लिईनेछ ।

१३६. सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि **आवासीय तथा गैर आवासीय छात्रवृत्ति** उपलब्ध गराईनेछ ।

१३७. सामुदायिक विद्यालयका छात्राहरुको लागि गुणस्तरीय **निःशुल्क सेनिटरी प्याड** वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१३८. शारीरिक रुपले अशक्त, अपाङ्गता, सुस्त मनस्थिति भएका बालबालिकाहरुलाई विद्यालय शिक्षामा समाहित गर्ने व्यवस्था मिलाइनेछ ।

१३९. विद्यार्थीहरुमा अन्तरनिहित बाल प्रतिभाहरुको पहिचान गरी सोको प्रवर्द्धन र विकासको लागि **अध्यक्ष नानीबाबु प्रतिभा प्रस्तुतिकरण कार्यक्रम** संचालन गरिनेछ ।

१४०. हाम्रो विद्यालय राम्रो विद्यालय, मेरो विद्यालय मेरो फुलबारी भन्ने अवधारणालाई साकार पार्न विद्यालय हाता भित्र फुलबारी निर्माण गर्न एक विद्यार्थी एक फूलको बोट अभियान संचालन गरिनेछ।

१४१. शून्य दरबन्दी भएका र दरबन्दी न्यून भएका विद्यालयहरुलाई विद्यार्थी संख्या र पठनपाठन हुने विषयभारका आधारमा र हाल विद्यालय स्रोतमा रहेका शिक्षकहरुको व्यवस्थापन गर्ने कार्य गरिनेछ ।

१४२. गाउँपालिकास्तरीय **खेल शिक्षक** मार्फत गाउँपालिका भित्र विभिन्न खेलकुद गतिविधिहरु संचालन गरी विद्यार्थी तथा खेलाडीहरुको क्षमता विकासका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

१४३. गाउँपालिका भित्र रहेका खेलाडीहरुको पहिचान तथा विकासको लागि **खेलाडीसँग गाउँपालिका कार्यक्रम** संचालन गरिनेछ ।

१४४. गाउँपालिकाको समग्र खेलकुदलाई चलायमान बनाई खेलाडीहरुको क्षमता विकासको लागि **अध्यक्ष कप खेलकुद** प्रतियोगितालाई निरन्तरता दिइनेछ ।

## सामाजिक समावेशीकरण

१४५. गाउँपालिकाका नागरिकहरुलाई न्यूनतम २० युनिट सम्मको विद्युत महशुल गाउँपालिकाबाट भुक्तानी हुने व्यवस्था मिलाई निःशुल्क गरिनेछ साथै सामुदायिक विद्युतीकरणलाई राष्ट्रिय प्रशारणमा आवद्धता गराउन आवश्यक व्यवस्था मिलाई सामुदायिक विद्युत प्रयोग गर्नेहरुको हकमा १० युनिट सम्मको विद्युत महशुल गाउँपालिकाबाट निःशुल्क उपलब्ध गराईनेछ ।

१४६. प्रत्येक वडाहरुमा जेष्ठ नागरिक भेटघाट केन्द्र स्थापना गरी जेष्ठ नागरिकसँग गाउँपालिका कार्यक्रम संचालन गरिनेछ ।

१४७. गाउँपालिकाका जेष्ठ नागरिकहरुलाई निःशुल्क औषधी वितरण, स्वास्थ्य परिक्षण, छलफल तथा अन्तरक्रिया गर्दै जेष्ठ नागरिकको सम्मानको लागि **जेष्ठ नागरिकसँग गाउँपालिका कार्यक्रम** संचालन गरिनेछ ।

१४८. बालमैत्री स्थानीय शासनको अवधारणलाई क्रमशः कार्यान्वयन गर्दै गाउँपालिकालाई बालमैत्री पालिकाको रुपमा विकास गर्न **बालबालिकासँग गाउँपालिका** कार्यक्रम संचालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

१४९. गाउँपालिकामा विभिन्न भाषा, धर्म, कला, संस्कृति, पराम्परागत झाँकीहरु तथा इतिहासको संरक्षण र सम्बर्द्धन गर्न विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

१५०. गाउँपालिका भित्र सञ्चालन गरिएका सबै व्यवसायहरुलाई दर्ता तथा अभिलेखीकरण कार्यलाई निरन्तरता दिइनेछ ।

१५१. वातावरण, सरसफाई, सार्वजनिक सम्पत्तिको संरक्षण, तथा विपद् व्यवस्थापनका क्षेत्रमा उल्लेखनीय कार्य गर्ने व्यक्ति संघ, संस्था र टोल विकास संस्थालाई प्रोत्साहन गर्ने नीति लिईनेछ ।

१५२. गाउँपालिकामा सबैभन्दा बढी कर तिर्ने करदातालाई सम्मान गर्ने कार्यक्रम अगाडि बढाईनेछ ।

१५३. विकासको मूलप्रवाहमा पहुँच पुर्याउनका लागि महिला, दलित, अपाङ्ग, जेष्ठ नागरिक, आदिबासी जनजाति, बालबालिका, एकल महिला, सिमान्तकृत वर्ग लगायतका समुदायहरुको क्षमता विकास, आयआर्जन, सशक्तिकरण, अधिकार संरक्षणमा जोड दिदै विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।

१५४. गाउँपालिकाका महिला दिदीबहिनीहरुलाई स्थानीयस्तरमा सेनेटरी प्याड उद्योग संचालनको लागि आवश्यक समन्वय गर्दै गाउँपालिकाबाट प्रोत्साहन गर्ने नीति लिइनेछ ।

१५५. लागू औषध निषेध, मदिरा नियन्त्रण, लैङ्गिक हिंसा, घरेलु हिंसा, सामाजिक कुप्रथा, कुरीति छुवाछुत र कुसंस्कार अन्त्य गर्न विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।

१५६. हिंसा पीडित तथा प्रभावित महिला एवम् बालबालिकाका लागि तत्काल निःशुल्क कानुनी सहायता, मनोसामाजिक परामर्श र सिपमूलक कार्यक्रम संचालन गर्नको लागि **उपाध्यक्ष उद्दार तथा सहायता कोष** स्थापना गरी संचालनमा ल्याइनेछ ।

१५७. अनाथ बालबालिकाहरुको शिक्षाको लागि आवश्यक प्रबन्ध गरिनेछ ।

१५८. गाउँपालिका क्षेत्र भित्र रहेका घरेलु उद्योगहरुको संरक्षण गर्दै नयाँ उद्योग स्थापना र बजारीकरणको लागि प्रोत्साहन गरिनेछ ।

१५९. जेष्ठ नागरिकहरुको अनुभवलाई अनुसरण गरी **सुखी तथा समृद्ध समाज** निर्माणको लागि अन्तर पुस्ता सिप हस्तान्तरण कार्यक्रम संचालन गरिनेछ ।

१६०. बालश्रम, बालविवाह, बहुविवाह, दाइजो, बोक्सी जस्ता प्रथा रोकथामको लागि चेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

१६१. समाजमा छुवाछुत, सामाजिक कुरीति, अन्धविश्वास, लैंगिक विभेद र हिंसाका घटनाहरु न्यूनीकरणका लागि टोल विकास संस्था मार्फत विभिन्न चेतनामूलक कार्यक्रम संचालन गरिनेछ।

१६२. एकल नागरिकहरुलाई समाजमा स्थापित गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

१६३. युवाहरुलाई उद्यमी बनाई आत्मनिर्भर बनाउन तथा स्वरोजगार सृजना गरी युवाहरुलाई स्थानीयस्तरमै उद्यमी बन्न प्रेरित गर्ने उद्देश्यले **अध्यक्ष युवा उद्यम** कार्यक्रम संचालन गरिनेछ ।

१६४. गाउँपालिकाको रोजगार केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरुलाई कामका लागि पारिश्रमीकमा आधारित सामुदायिक आयोजना र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना संचालन गरी १०० दिनको रोजगारीको व्यवस्था मिलाइनेछ ।

१६५. बेरोजगारको सुचीमा सुचिकृत व्यक्तिहरुलाई गाउँपालिकाबाट प्रदान गरिने विभिन्न आय आर्जन मूलक तालिम कार्यक्रमहरुमा सहभागी गराउने नीति लिइनेछ ।

१६६. गाउँपालिकाबाट संचालन हुने योजना तथा कार्यक्रमहरुमा बेरोजगारहरुको सूचीमा रहेका व्यक्तिहरुलाई प्राथमिकता दिइने नीति लिइनेछ ।

१६७. गाउँपालिकाका विभिन्न मुख्य सडकहरुलाई नियमित संचालन गर्न आवश्यक मर्मत संभारको लागि आवश्यकतानुसार सडक लेन्थ वर्करको व्यवस्था मिलाइनेछ ।

## (ग) आर्थिक विकास तर्फः

### कृषि

१६८. महिलाहरुलाई सामाजिक समावेशीकरण र सशक्तिकरण मार्फत कृषि तथा पशु उद्यम विकास परियोजना संचालन गरी गाउँपालिकालाई कृषिमा आत्मनिर्भर बनाईनेछ।

१६९. **भूमी बैंक** मार्फत गाउँपालिका भित्र रहेका खेति योग्य बाँझो जमिनलाई कृषि उत्पादनमा उपयोगको लागि प्रोत्साहन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१७०. आ.व. ०७८/०७९ मा अभियानका रुपमा संचालन भएको किसान सूचीकरण कार्यक्रमलाई निरन्तरता दिँदै कार्यक्रम मार्फत संकलन भएको विवरणको आधारमा कृषकहरुलाई **किसान परिचय पत्र** वितरणको व्यवस्था मिलाइनेछ ।

१७१. गाउँपालिकामा सम्भाव्यता रहेका कृषि उपजहरुको उत्पादनमा वृद्धि गर्नको लागि चालु रहेका विभिन्न **बाली तथा वस्तुहरुको साना व्यवसायीक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम**लाई निरन्तरता दिँदै **नयाँ पकेट विकास कार्यक्रम** थप गरिनेछ ।

१७२. गरीवी निवारणका लागि **लघु उद्यम विकास कार्यक्रम** मार्फत उद्यमीहरु सिर्जना गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१७३. विभिन्न कारणबाट कृषि तथा पशुपालन हुने जोखिम न्यूनीकरण गर्नको लागि बाली तथा पशुपंछी बिमा कार्यक्रम लागु गरी संघीय तथा प्रदेश सरकारको नीति अनुरुप **निःशुल्क बाली तथा पशुपन्छी बिमा** गर्ने व्यवस्था मिलाइनेछ ।

१७४. कृषकहरुले उत्पादन गरेका कृषि उपजहरुको बजारीकरणको लागि अन्य स्थानीय तह तथा संघ संस्थाहरुसंग समन्व र सहकार्य गरिनेछ ।

१७५. गाउँपालिकालाई मह उत्पादनमा आत्मनिर्भर बनाउन मह प्रशोधन र प्याकेजिङ्ग समेतका कार्य लागत साझेदारीमा अगाडि बढाईनेछ ।

१७६. नयाँ प्रविधि, कृषि यन्त्र तथा उपकरणमा कृषकहरुको पहुँच बढाउनको लागि गाउँपालिका मार्फत वितरण गरिने **कृषि प्रविधि, यन्त्र तथा उपकरणमा ६०% सम्म अनुदान**को व्यवस्था मिलाइनेछ ।

१७७. सामुहिक कृषि खेतीलाई प्रोत्साहन गर्न आवश्यक अनुदानका कार्यक्रमहरु संचालन गरिनेछ ।

१७८. अर्गानिक खेतीलाई प्रवर्धन गर्नको लागि कम्पोष्ट तथा गड्यौला मल उत्पादनको लागि प्रोत्साहन गर्ने नीति लिइनेछ ।

१७९. अर्गानीक तथा **रैथाने बाली (जौ, कोदो, फापर,भट्टमास)** उत्पादनको लागि व्यक्तिगत, सामुहिक तथा सहकारी कृषि खेतीलाई प्रोत्साहन गर्ने नीति लिईनेछ ।

१८०. **"व्यवसायी रुपमा खेती गरौं कृषिमा आत्मनिर्भर बनौं"** भन्ने नीति अनुरुप कृषि तथा पशुपंक्षि क्षेत्रको विकास गर्न कृषिजन्य उत्पादन, दुध जन्य पदार्थको उपयोग–प्रशोधन र बजारीकरण गरी लोप उन्मुख पशुपंक्षि, अण्डा, मासु, दुध, खाद्यान्न बाली, फलफूल, तरकारी तथा नगदेवालिहरुको उत्पादनमा वृद्धि गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

१८१. कृषकहरुको क्षमता अभिवृद्धि, प्राविधिक सेवा र जनचेतनामूलक कार्यक्रमको लागि आवश्यक प्रबन्ध मिलाईनेछ ।

१८२. गाउँपालिका क्षेत्र भित्र कृषि उत्पादनमा प्रयोग भैरहेको रासायनिक विषाधिलाई न्यूनीकरण गरी जनताको स्वास्थ्यमा पर्न सक्ने नकारात्मक असरलाई कम गर्न विभिन्न प्रचारात्मक कार्यक्रमहरु गर्दै अर्गानिक कृषि उपज उत्पादन गर्न प्रोत्साहन गरिनेछ ।

१८३. कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न साना सिंचाइ कार्यक्रम विस्तार गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१८४. कृषिमा आधुनिक प्रविधि र यान्त्रीकरणमा जोड दिदैं कृषि उपजको उत्पादकत्व वृद्धी गर्ने नीति लिईनेछ ।

१८५. कृषि क्षेत्रसँग सम्बन्धित विकसित नवीनतम प्रविधिको बारेमा कृषकलाई जानकारी गराउन तथा कृषकहरुको पीरमर्का, समस्या र गुनासोको सम्बोधन गर्दै कृषि उत्पादन वृद्धि गर्नको लागि **कृषकसँग गाउँपालिका** कार्यक्रम संचालन गरिनेछ ।

१८६. कृषि पेशालाई व्यवसायीक गर्नको लागि उत्कृष्ट कृषि उपज उत्पादन गर्ने कृषकहरुलाई **अध्यक्ष उत्कृष्ट कृषक सम्मान** कार्यक्रमबाट सम्मान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१८७. व्यवसायीक कृषि उपज उत्पादन गर्न इच्छुक कृषकहरुलाई आवश्यक पर्ने विभिन्न तालिमहरु उपलब्ध गराइनेछ ।

१८८. कृषि, पशु विकास, दुग्ध उत्पादनका लागि सहकारीको प्रवर्द्धन र विकासमा आधुनिक प्रविधि मार्फत उत्पादकत्व वृद्धि गर्न कृषि सहकारी र कृषक समूहहरुलाई व्यवसायीक तालिम प्रदान गरिनेछ ।

१८९. जैविक विविधताको प्रवर्द्धन र सदुपयोग गर्दै जलवायु परिवर्तन अनुकुलन प्रविधिहरुको विकास गरी कृषिजन्य उत्पादनमा प्राङ्गारिक खेतीलाई प्रोत्साहन गरिनेछ ।

१९०. सामुहिक व्यवसायिक कृषि तथा पशु उत्पादन गर्ने समूह वा सहकारीहरुलाई विभिन्न प्रकारका समपुरक अनुदान उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

१९१. फलफुल, तरकारी र घाँसको विरुवा उत्पादनका लागि व्यवसायीक नर्सरी स्थापना गर्नको लागि **एक वडा एक नर्सरी कार्यक्रम** संचालन गरी व्यवसायीक नर्सरी स्थापना हुन बाँकी रहेका वडाहरुमा व्यवसायीक नर्सरी स्थापना गरिनेछ ।

१९२. गाउँपालिकामा उत्पादित कृषि उपजहरुको बजारीकरणको लागि सहकारी संस्थाहरुसँग समन्वय गरी संकलन केन्द्र र पालिकास्तरीय कोल्डरुम स्थापना गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

१९३. गाउँपालिकाको मुख्य बजार क्षेत्रमा हाटबजार संचालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

१९४. गाउँपालिका भित्र उत्पादन हुने फोहोरमैला व्यवस्थापन गर्दै कृषि उत्पादन वृद्धि गर्न **घर-घरमा कम्पोष्ट मल** तयार गर्ने व्यवस्था मिलाईनेछ ।

१९५. गाउँपालिकालाई कृषिमा आत्मनिर्भर गराउन सम्भाव्यताको आधारमा **एक वडा एक उत्पादन कार्यक्रम** संचालन गरिनेछ ।

१९६. तरकारीमा आत्मनिर्भर हुन तथा अर्गानिक तरकारी उत्पादनको लागी **एक घर एक करेसाबारी** अभियान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१९७. कृषि उत्पादनलाई प्रोत्साहन गर्न **कृषिसँग पोषण कार्यक्रम** अभियानको रुपमा अगाडी बढाइनेछ ।

१९८. गाउँपालिका भित्र उत्पादित विभिन्न कृषि उपजहरु, हस्तकलाका सामग्रीहरु, विभिन्न रैथाने कृषि बालीहरुको संकलन तथा विक्री वितरणलाई व्यवस्थित गर्दै लैजानको लागि गाउँपालिकामा संचालनमा रहेको **पालिका कोसेली घरलाई** थप व्यवस्थित गरिनेछ ।

१९९. सुन्तला, मह, कागती तथा तरकारीमा गाउँपालिका आत्मनिर्भर हुने गरी विभिन्न कार्यक्रमहरु अगाडी बढाइनेछ ।

२००. बाँझो जमिनमा उखु, टिमुर, कागती, ओखर, लप्सी, कुरीलो, अम्रिसो, जंगली फलफुल लगायतका विरुवाहरु रोपणको लागि आवश्यक अनुदानको व्यवस्था मिलाइनेछ ।

२०१. बाँदर/बदेल लगायत वन्यजन्तुहरुबाट कृषकहरुलाई परेको समस्यालाई समाधान गर्नको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

२०२. कृषि उत्पादनलाई वृद्धि गर्ने उद्देश्यले माटो परिक्षण कार्यको लागि आवश्यक उपकरण व्यवस्था मिलाइनेछ ।

२०३. पशु, कृषि सम्बन्धीका विभिन्न कार्यक्रमहरु संचालन गर्नको लागि सरकारी तथा गैरसरकारी संस्थाहरुसँग लागत साझेदारी कार्यक्रम संचालन गरिनेछ ।

२०४. युवाहरुलाई कृषिमा उत्प्रेरीत गर्न युवा लक्षित अनुदानका कार्यक्रमहरु संचालन गरिनेछ ।

२०५. कृषकहरुले उत्पादन गरेका कृषि उपजहरुको बजारीकरणका लागि मुल्य निर्धारण गर्ने प्रक्रिया अवलम्बन गरिनेछ ।

२०६. कृषकहरुलाई कृषिमा प्रोत्साहन गर्न विभिन्न संघसंस्थासँग सहुलियत दरको ऋण लगानीको लागि आवश्यक समन्वय गर्दै कृषकको लागि कृषि ऋणमा लाग्ने ब्याजमा अनुदानको व्यवस्था मिलाइनेछ।

२०७. कृषकहरुलाई आइपर्ने समस्या समाधानको लागि **बाली उपचार तथा पशु स्वास्थ्य शिविर** संचालनको व्यवस्था मिलाइनेछ ।

२०८. कृषकहरुलाई कृषि पेशामा उत्प्रेरित गर्न उत्पादनमा अनुदान दिन आवश्यक व्यवस्था मिलाइनेछ।

२०९. गाउँपालिकाको कृषि तथा पशुपन्छी क्षेत्रमा **नमुना कार्य संचालन गर्नको लागि हरित स्वस्यंसेवकहरु**लाई प्रोत्साहन गरिनेछ ।

### पशुपालन

२१०. पशुपालन व्यवसायमा गाउँपालिकालाई आत्मनिर्भर गराउन बंगुर/बाख्रा/कुखुरा लगायत पशुपंक्षी पालन सम्बन्धी विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।

२११. प्राकृतिक रुपबाट गर्भाधान संभव हुन नसकेमा निःशुल्क कृत्रिम गर्भाधान गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

२१२. गाउँपालिकामा रहेका कृषि समुह, सहकारी र फर्मलाई बिउवीजन र घाँस उत्पादनमा आत्मनिर्भर बनाउन आवश्यक सहयोग उपलब्ध गराइनेछ ।

२१३. बाख्रा तथा बोकामा गाउँपालिकालाई आत्मनिर्भर बनाउनको लागि **साना व्यवसायीक कृषि उत्पादन केन्द्र (पकेट)** विकास कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।

२१४. पशु विकास कार्यक्रमलाई प्रभावकारी बनाउन नश्ल सुधारको लागि बोका, राँगो, बीर (बंगुर) समूह/सहकारी/फर्मलाई वितरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

२१५. गाउँपालिकाका व्यवसायीक कृषकहरुलाई मापदण्ड तयार गरी गाई/भैंसी पालनमा आकर्षण गर्दै पोषणलाई महत्व दिन गाई/भैसी सुत्केरी स्याहार भत्ता उपलब्ध गराईनेछ ।

२१६. गाउँपालिकाका पशुपालन किसानहरुलाई उत्प्रेरित गर्न पशु स्वास्थ्य चिकित्सकको व्यवस्था मिलाइनेछ ।

२१७. गाउँपालिका भित्रका जलासय र माछापोखरीहरुलाई संरक्षण गर्दै व्यवसायीक माछा पोखरी निर्माण गर्ने समूह/सहकारी/फर्महरुलाई आवश्यक अनुदान उपलब्ध गराई गाउँपालिकालाई माछा उत्पादनमा क्रमशः आत्मनिर्भर गराउदै माछाको उचित बजारीकरणको व्यवस्था मिलाइनेछ ।

२१८. व्यवसायीक रुपमा दुध उत्पादन गर्ने कृषकहरुलाई प्रोत्साहन गर्न बिक्रीको आधारमा दुधमा अनुदान दिईने व्यवस्था मिलाइनेछ ।

## सहकारी तथा वित्तिय संस्था

२१९. गाउँपालिका भित्र रहेका विभिन्न सहकारी संस्थाहरुको अभिलेखिकरण गर्दै एउटै उद्देश्यले स्थापना भएका सहकारीहरुलाई एकिकरण गर्ने नीति लिइनेछ ।

२२०. सहकारीहरु ऐन, नियम र विनियम बमोजिम सञ्चालन भए नभएको अनुगमन गरी उत्कृष्ट काम गर्ने सहकारीलाई प्रोत्साहान गरिनेछ ।

२२१. गाउँपालिका क्षेत्र भित्र रहेका बैंक तथा वित्तिय संस्थाहरुलाई वडास्तरसम्म आफ्नो सेवा विस्तार गर्न प्रोत्साहित गरिनेछ ।

२२२. गाउँपालिकामा संचालनमा रहेका वित्तिय संस्थाहरुलाई प्रचलित कानूनको दायरामा लिई वित्तिय संस्थालाई गाउँपालिकाको नीति अनुसार संचालनको लागि आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

२२३. गाउँपालिकाको सर्वाङ्गिण विकासका लागि वित्तिय अवस्थामा सुधार गर्न करको दर कम र दायरा फराकिलो बनाउने नीतिलाई निरन्तरता दिइनेछ ।

२२४. महिलाहरुको सक्रिय सहभागितामा स्थापना हुने र संचालनमा रहेका **लघु उद्योगहरुलाई** प्रोत्साहन गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२२५. सहकारी मार्फत समुदायमा आर्थिक विकासका विभिन्न कार्यक्रमहरु संचालन गर्दै गाउँपालिकाका सहकारीहरुको सुदृढीकरणमा विशेष ध्यान दिईनेछ ।

२२६. महिलाहरु मात्र सदस्य रहेका सहकारीहरुलाई प्रोत्साहन गर्ने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

**(घ) भौतिक पूर्वाधार विकास तर्फः**

२२७. गाउँपालिकाको मुख्य प्रशासकीय भवन निर्माण कार्यलाई उच्च प्राथमिकतामा राखि कार्य गरिनेछ ।

२२८. गाउँपालिकास्तरीय गौरवका आयोजनाहरु छनौट गरी कार्यान्वयनको लागि बजेटको सुनिश्चितता गरिनेछ ।

२२९. सभ्य र सुखी समाज निर्माणको लागि महत्वपूर्ण भूमिका खेल्ने आमा समूहलाई उत्प्रेरित गराउन गाउँपालिकाको सबै वडाहरुमा आमा समूहका भवनहरु क्रमश निर्माण गर्ने नीति लिईनेछ ।

२३०. गाउँपालिकामा योजना बैंकको स्थापना गरी प्राथमिकताका आधारमा विकास निर्माणका कार्यक्रमहरु संचालन गर्ने नीति लिईनेछ ।

२३१. नागरिकहरुलाई आधारभुत खानेपानी सुनिश्चितताको लागि WASH योजनामार्फत एक घर एक धाराको नीतिलाई निरन्तरता दिइनेछ ।

२३२. गाउँपालिकाको विभिन्न स्थानहरुमा सार्वजनिक शौचालयहरु निर्माण गरी सरसफाई तथा सभ्यताको लागि आवश्यक कार्य गरिनेछ ।

२३३. भौतिक पूर्वाधार सम्बन्धीका विभिन्न योजनाहरु संचालन गर्दा अन्तर स्थानीय तह, सरकारी तथा गैरसरकारी संस्थाहरुसँग लागत साझेदारी कार्यक्रम संचालन गर्ने नीति लिइनेछ ।

२३४. गाउँपालिकाका विभिन्न वडाका उपयुक्त स्थानमा व्याडमिन्टन/भलिवल कभर्डहल र क्रिकेट प्रशिक्षण स्थलहरुको निर्माण गरिनेछ ।

२३५. खानेपानीको मर्मत संभार तथा मुहान संरक्षण गर्दै आवश्यकता अनुसार लिफ्ट प्रविधि र ठूला खानेपानी आयोजना संचालन गरी सबै जनताहरुलाई **एक घर एक धारा** मार्फत **स्वच्छ खानेपानी** उपलब्ध गराउन आवश्यक व्यवस्था गरिनेछ ।

२३६. गाउँपालिकाका रिङ्गरोडहरुलाई स्तरोन्नती र नामाकरण गर्दै गाउँपालिका भित्र सहज यातायात सेवाको लागि यातायात व्यवसायीहरुसँग आवश्यक समन्वय गर्ने व्यवस्था मिलाइनेछ ।

२३७. सडक, खानेपानी, सिंचाइ, सामुदायिक भवनहरु जस्ता पूर्वाधारहरु सबै वडामा आवश्यकता र औचित्यताका आधारमा निर्माण गरिनेछ ।

२३८. खर्जाङ्ग-दरबार-घुम्ती-गौडाकोट-जुभुङ्ग-मजुवा सडकलाई स्तरोन्नती गरी कालोपत्रे गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

२३९. विपद् व्यवस्थापन र तत्काल उद्धार लगायतका कार्यको लागि वडा वडामा **हेलिप्याड निर्माण** गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२४०. गाउँपालिका भित्रका सडकहरुमा ट्राफिक संकेतका चिन्हहरु र दुरीका संकेतहरु राखी यात्रालाई सूचना मुलक बनाउँदै मुख्य सडकहरुमा सौर्य सडक बत्ती जडान गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

२४१. सडक निर्माण गर्दा वातावरणमा परेको असरको मध्यनजर गर्दै आगामी वर्ष देखि नयाँ **सडक बिस्तार भन्दा सडक स्तरोन्नतीमा** ध्यान केन्द्रित गरिनेछ ।

२४२. गाउँपालिकाका मुख्य सडकहरुलाई सफा, सुन्दर बनाउन सडक तथा पैदल मार्ग र सार्वजनिक स्थलहरुलाई उज्यालो बनाउन आवश्यक व्यवस्था मिलाईनेछ ।

२४३. हेभि इक्युपमेन्ट प्रयोग गरी कार्य गर्नुपर्ने अवस्थामा अनुमति प्राप्त हेभि इक्युपमेन्टबाट मात्र काम गराउनु पर्ने नीतिलाई निरन्तरता दिइने छ ।

२४४. भवन निर्माण गर्दा भुकम्पीय जोखिम न्यूनिकरण गर्ने तर्फ ध्यान दिँदै भवन आचार संहिताको पालना गराउन पहल गरिनेछ ।

२४५. मौलिक नेपालीपन झल्किने तथा उच्च कलात्मक शैलिमा निर्मित नीजि आवास एवं सार्वजनिक भवनहरुलाई पुरस्कृत गर्ने व्यवस्था मिलाईनेछ ।

२४६. पूर्वाधारहरुको दिगो व्यवस्थापन तथा उपयोगका लागि मर्मत संभार प्रणालीलाई व्यवस्थित गर्न मर्मत संभार कोषको व्यवस्था गरी मर्मत संभारका लागि आवश्यक पर्ने मेशिनरी औजारहरु जे.सि.वी., टिप्पर तथा ट्याक्टर लगायतका साधनहरु खरिद गर्ने व्यवस्था मिलाइनेछ ।

२४७. गाउँपालिका भित्र रहेको विद्युत सेवालाई नियमित र गुणस्तरिय बनाउन आवश्यक पहल गरिनेछ ।

२४८. विस्तृत आयोजना प्रतिवेदन (DPR) का आधारमा ठूला पूर्वाधारहरुको लगानी गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

२४९. निर्माण गरिने पूर्वाधाहरुको दिगोपना र गुणस्तर कायम गर्नको लागि गाउँपालिकामा पूर्वाधार ल्याब स्थापना गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

२५०. गाउँपालिका भित्र रहेका सार्वजनिक सम्पत्तिहरुको लगत तयार गरी संरक्षण गरिने छ ।

२५१. गाउँपालिका क्षेत्रभित्र निर्माण भएका घरहरुको अभिलेखीकरण गरी नयाँ संरचनाहरु निर्माण गर्दा अनिवार्य रुपमा गाउँपालिकाको स्वीकृति लिनु पर्ने साथै गाउँपालिका भित्र निर्माण हुने RCC घरहरुले अनिवार्य रुपमा नक्सा पास गर्ने व्यवस्था मिलाईनेछ ।

२५२. गाउँपालिका भित्रका सडकहरुको आवश्यकताको आधारमा सडक मापदण्ड बनाई कार्यन्वयन गर्दै लगिनेछ ।

२५३. आफ्नै भवन नभएका वडा कार्यालयहरुका प्रशासकीय भवन निर्माण गरिनेछ ।

२५४. गाउँपालिकास्तरीय खेलमैदान र कभर्डहल निर्माणका लागि आवश्यक पहल गरिने छ ।

२५५. गाउँपालिका क्षेत्र भित्रका सडक तथा विभिन्न पूर्वाधारहरुको मर्मत सम्भार, स्वास्थ्य तथा सरसफाई, कृषि तथा सिंचाई, वन जलाधार, पर्यटन लगायतका विकास निर्माणका विभिन्न कार्यहरुमा बेरोजगारको सूचीमा रहेका व्यक्तिहरुलाई प्रोत्साहन गरिनेछ ।

२५६. सिंचाई कुलोहरु निर्माण गरी कृषि उत्पादनमा बृद्धि गरिने छ ।

२५७. साना खालका पूर्वाधारहरुको निर्माण तथा सडक मर्मत सम्भार गर्ने कार्यमा हेभि इक्विपमेन्टको प्रयोग नगरी स्थानीयलाई रोजगार दिने नीति अवलम्बन गरिनेछ ।

**पर्यटन पूर्वाधार**

२५८. गाउँपालिकामा रहेको ऐतिहासिक **गुल्मीदरबार**, भुवाने पार्क, ताराखसे लगायत गाउँपालिका भित्रका विभिन्न मठ **मन्दिरलाई** पर्यटकीय क्षेत्रको रुपमा विकास गर्नको लागि **पर्यटन पूर्वाधार कार्यक्रम** नीजि क्षेत्रको समेत लागत साझेदारीमा संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

२५९. गाउँपालिकामा लगानी सम्मेलन आयोजना गरी निजी क्षेत्रको साझेदारीमा पर्यटन पूर्वाधारका विभिन्न संरचनाहरु निर्माण गरिनेछ ।

२६०. समग्र गाउँपालिकाको पर्यटन प्रर्वद्धनको लागि **हाम्रो वडा राम्रो वडा** अभियान संचालन गर्दै **एक वडा एक पर्यटकीय स्थल** निर्माण गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखिनेछ ।

२६१. **अतिथि देवो भव** भन्ने संस्कारलाई कायम राख्न गाउँपालिकाका विभिन्न स्थानहरुमा **होमस्टे** संचालन गरिनेछ ।

२६२. गाउँपालिका भित्रका ऐतिहासिक, धार्मिक, सांस्कृतिक सम्पदाहरुको संरक्षण, सम्वर्द्धन गर्ने एवं विभिन्न जातजातिहरुको धर्म, संस्कृतीको संरक्षण, सम्बर्द्धन गर्दै धार्मिक पर्यटन लाई बढावा दिने नीति लिईनेछ ।

२६३. ऐतिहासिक, धार्मिक, साँस्कृतिक, प्राकृतिक आकर्षणका स्रोत र सम्पदालाई आर्थिक आर्जनको आधार बनाईनेछ ।

२६४. गाउँपालिकाको भूवाने पार्क लगायत अन्य उपयुक्त स्थानमा पर्यटन विकासको लागि साहसिक खेलहरु जस्तै स्काई साइक्लिङ, बन्जी जम्पिङ, जिप लाइन, स्वीङ्ग निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गरी संघीय तथा प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।

२६५. गाउँपालिकाको उपयुक्त स्थानहरुमा आवश्यकतानुसार झोलुङ्गेपुल तथा मोटरेवल पुलको निर्माणको लागि आवश्यक पहल गरिनेछ ।

२६६. गाउँपालिकाका ऐतिहासिक तथा धार्मिकस्थलहरुको गुरुयोजना निर्माण गरी पर्यटन उद्योगलाई प्रवर्द्धन गरिनेछ ।

२६७. गाउँपालिका भित्र रहेका विभिन्न टोलहरुमा आवश्यक पर्यटन पूर्वाधारहरु (बाल उद्यान, फुलबारी, पार्क, व्यायामशाला) निर्माण गरिनेछ।

२६८. गाउँपालिकामा संचालनमा रहेका विभिन्न कृषि फर्म, पशुपालन र एग्रो रिसोर्टहरु जस्ता आर्थिक गतिविधिलाई पर्यटकीय गतिविधिसँग आवद्ध गरी आय आर्जन वृद्धि गरिनेछ।

२६९. गाउँपालिकाका सबै वडाहरुमा वडाको पहिचान सहितका होर्डिङ्ग बोर्डहरुको स्थापना गरीनेछ ।

## (ङ) वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फः

२७०. **"हरियो वन नेपालको धन"** भन्ने नारालाई आत्मसाथ गर्दै **एक नागरिक एक रुख** रोपणको कार्यक्रम संचालन गरी वन क्षेत्रको संरक्षण गरिनेछ ।

२७१. प्लाष्टिक झोलाको प्रयोगले वातावरणमा परेको असरलाई न्यूनिकरण गर्न गाउँपालिकामा उद्यमी सिर्जना गरी फाइबर तथा कपडाको झोलाको प्रयोगलाई बढावा दिन आवश्यक अनुदानको कार्यक्रम संचालन गरिनेछ ।

२७२. विपद् व्यवस्थापनको लागि व्यापक रुपमा जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

२७३. प्राकृतिक तथा गैर प्राकृतिक विपद् जोखिम तथा क्षतीको न्यूनिकरण गर्न **विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना** बनाई कार्यान्वयन गरिनेछ ।

२७४. कोभिड-१९ सरुवा रोग लगायतका गैर प्राकृतिक विपद् तथा प्राकृतिक विपद् व्यवस्थापनको लागि विपद् कोषमा आवश्यक रकम विनियोजन गरी कोषको रकम स्वीकृत मापदण्ड बमोजिम उद्धार, राहत र सहयोगमा खर्च गर्ने व्यवस्था मिलाईनेछ ।

२७५. विपद् पूर्व तयारीको लागि आवश्यक विपद् सामग्रीहरुको व्यवस्था मिलाईनेछ ।

२७६. विपद् व्यवस्थापनको लागि गाउँपालिकामा आपतकालिन केन्द्र संचालन गरिनेछ ।

२७७. विपद् प्रभावित नागरिकको तत्कालिन राहतका लागि आवश्यक पर्ने खाद्यान्न, खानेपानी, लत्ताकपडा, औषधी, सरसफाई तथा शैक्षिक सामग्री जस्ता वस्तुहरु खरिद गरी उपलब्ध गराउन तथा तत्सम्बन्धी अन्य आवश्यक कार्य गरी तत्काल राहत उपलब्ध गराइनेछ ।

२७८. विपद् जोखिम न्यूनिकरणको लागि जोखिम क्षेत्र वा बस्तीको नक्साङ्कन गरी आवश्यक व्यवस्था मिलाइनेछ ।

२७९. गाउँपालिकामा दमकल संचालनको लागि अन्य स्थानीयतहरुसँग समेत साझेदारीको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

२८०. खानेपानीको स्रोतलाई दीर्घकालिन बनाउन पानीका मुहान, पोखरी संरक्षणमा विशेष जोड दिईनेछ ।

२८१. पानीको स्रोत जोगाउनको लागि कम्तिमा **"एक वडा एक पुनर्भरण पोखरीको"** निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२८२. गाउँपालिका भित्र रहेका सबै वन सम्पदाहरुको विभिन्न वन समितिहरुको सहकार्यमा संरक्षण, व्यवस्थापन गर्दै वृक्षारोपण गरिनेछ ।

२८३. गाउँपालिका क्षेत्र भित्र रहेका सम्पूर्ण नदिजन्य पदार्थहरुको उत्खनन् विस्तृत अध्ययन प्रतिवेदनको आधारमा मात्र गर्ने व्यवस्था मिलाइनेछ ।

२८४. स्तरोन्नती गरिएका र गर्ने सडकहरुको दायाँ बायाँ भागमा ठूला प्रजातीका रुखहरुको विरुवा रोपण गर्ने कार्यलाई अभियानको रुपमा संचालन गरिनेछ ।

२८५. सडक स्तरोन्नती कार्यहरुमा बायो-इन्जिनियरिङ्गलाई प्राथमिकता दिइनेछ ।

यस नीति तथा कार्यक्रम तयारी गर्ने क्रममा सहयोग गर्नुहुने सम्पूर्ण कार्यपालिका सदस्यहरु, विषयगत समितिका पदाधिकारीहरु, गाउँपालिकाका विद्वत वर्गहरु, हामीलाई विभिन्न क्षेत्रबाट रायसुझाव उपलब्ध गराउनु हुने व्यक्तित्वहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, नागरिक समाज, पत्रकार र सम्पूर्ण गाउँपालिकाका नागरिकहरुलाई हार्दिक धन्यबाद् दिँदै यस नीति तथा कार्यक्रमको कार्यान्वयनमा सबैले मन, बचन र कर्मले सहयोग गर्नुहुनेछ भन्ने अपेक्षा राख्दै बिदा हुन चाहन्छु। धन्यबाद, नमस्कार ।

सरोजकुमार थापा
अध्यक्ष

**मिति २०७९।०३।०७ गते**